मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## प्रहरी कर्मचारीका लागि किरियापुत्री भवन निर्माण गर्ने निर्णय

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नवनियुक्त प्रहरी महानिरीक्षक (आईजीपी) कुवेरचन्द्र खापुङले नेपाल प्रहरीका बहालवाला तथा अवकाशप्राप्त कर्मचारीहरूको सुविधा सुनिश्चित गर्न किरियापुत्री भवन निर्माण गर्ने निर्णय गरेका छन् । कार्यभार सम्हालेसँगै बसेको नीति निर्माण समिति (पीसीसी) को बैठकले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जको नाममा रहेको जग्गामा किरियापुत्री भवन बनाउने योजना स्वीकृत गरेको प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए । प्रहरीका अनुसार यो परियोजना प्रदेशस्तरमा पनि विस्तार गर्ने निर्णय गरिएको छ । यसले प्रहरी कर्मचारीहरूलाई सामाजिक र सांस्कृतिक गतिविधि सञ्चालनमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । प्रहरी स्रोतका अनुसार किरियापुत्री भवनले अवकाशप्राप्त तथा बहालवाला कर्मचारीका लागि विभिन्न कार्यक्रम, श्रद्धाञ्जली तथा स्मृति समारोहको आयोजना गर्न उपयुक्त सुविधा प्रदान गर्नेछ ।

वर्ष ३ | अंक २८४ | २०८२ साल भाद्र २० गते शुक्रबार | Friday 05, September 2025 | सूर्योदय: बिहान ५:४६ बजे | सूर्यास्त: साँझ ६:२१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# सखुवा प्रसौनीमा अध्यक्षले मल रोके उपाध्यक्षले जुलुश लगाइन्



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाउँपालिकामा मलखादको विवाद लिएर गाउँपालिका उपाध्यक्षसहित राजनीतिक दलका प्रतिनिधि, स्थानीय किसान नाराबाजी गर्दै प्लेकार्डसहित कृषि सामग्री कम्पनीको कार्यलय वीरगंज पुगेका छन् । उनीहरुले कार्यालय प्रमुख दुर्गा पाण्डेलाई ज्ञापन पत्र पनि बुझाए । वडा नम्बर २ मा मलखाद बिक्रीवितरणको जिम्मा विगतमा कोडेक कृषि सहकारी संस्थालाई दिइएकामा संस्थाले अनुदानको रासायनिक मलखाद बिक्रीवितरणमा अनियमितता गरेको, मृत्यु भएको व्यक्तिका नाममा बिक्रीवितरण भर्पाई गरेको, निकटकालाई बढी मलखाद दिइएको, अनुगमन गर्ने निकायलाई धाकधम्की दिएको गुनासो र लिखित उजुरी प्राप्त भएपछि अनुसन्धान भइरहेको गाउँपालिका उपाध्यक्ष शर्मिला बिष्ट बताइन् ।

तत्काल कोडेक कृषि सहकारी संस्थालाई मलखाद बिक्रीवितरणमा रोक लगाई किसानको मलखादसम्बन्धी आवश्यकता मध्यनजर गर्दै संघीय सरकारले जारी गरेको 'अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७' बमोजिम दिएको अधिकारअनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको समितिको अधिकारिक निर्णय र परिपत्रमा बेलमाई कृषि सहकारी संस्थामार्फत कानूनअनुसार बिक्री बितरणको जिम्मा दिइएको थियो । संस्थाले कृषि सामग्री कम्पनीमा मलखाद खरिद प्रक्रिया पूरा गरेर रकम समेत दाखिला गरिसकेको अवस्थामा मलखाद किन निकासा हुन सकेन भन्दै किसानहरु कार्यालय आइपुगेको नेकपा माओवादी केन्द्रका स्थानीय नेता प्रदिप चौधरीले बताए ।

गाउँपालिका अध्यक्ष जसवन्त यादवले गैरकानूनी, बल जबर्जस्ती अख्तियार दुरुपयोग गरी लिखित तथा मौखितरुपमा कृषि सामग्री कम्पनीलाई दबाब दिई बेलमाई कृषि सहकारी संस्थाबाट मलखाद बिक्री वितरणमा रोक लगाएकामा कानूनसम्मत रोक्ने अधिकार अध्यक्षलाई नभएको तर कुन आधारमा कृषि सामग्री कम्पनीले रोकेको भन्दै किसान कार्यालय आइपुगेको नेपाली काङ्ग्रेसका स्थानीय नेता श्यामसुन्दर दासले बताए ।

'किसानलाई असुविधा, आघात पुगेको मध्यनजर गर्दै संघीय सरकारले जारी गरेको 'अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७' बमोजिम दिइएको अधिकारअनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको समितिको अधिकारिक निर्णय र परिपत्रअनुसार बिक्रीवितरण र रोका गरिएको मलखाद निकासामा समाधान नआए थप आन्दोलन गरिने नेकपा एमालेका स्थानीय नेता इनरदेव महतोले बताए ।

कोडेक कृषि सहकारी संस्थाको डिलर खारेज, पालिका अध्यक्ष जसवन्त यादवविरुद्ध नाराबाजी, मलखाद वितरणमा अनियमितता गर्ने कोडेक कृषि सहकारी संस्थालाई कारबाही माग, किसानलाई मलखादको ग्यारेन्टी, अध्यक्ष यादवले किसानको मलखाद रोक्न नपाउने भन्दै नाराबाजी भएको थियो । अध्यक्षकै निर्देशनमा यस्तो भएको राप्रपाका स्थानीय नेता सुधिर दासले बताए ।

कृषि सामग्री कम्पनीका कार्यलय प्रमुख दुर्गा पाण्डेले ज्ञापन पत्र बुझ्दै गाउँपालिका अध्यक्ष जसवन्त यादवले नै चिठी पठाएर मल रोका गरेको पत्र देखाएका थिए । उनले किसानलाई मल उपलब्ध गराएपछि किसानहरुले मल लगेका थिए ।

# प्रधानमन्त्री ओलीको भारत भ्रमण:

## 'निम्तो आयो, भदौ ३१ पनि आउनै लाग्यो तर टुंगो लागेन'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भदौ ३१ गतेदेखि असोज १ गतेसम्म प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणमा जाने चर्चा थियो । तर अहिलेसम्म भारतले औपचारिकरुपमा मिति तय भएको छैन । भारतीय विदेशसचिव विक्रम मिश्री काठमाडौँ आएर प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारत भ्रमणको निम्ता दिएर गएका थिए । भदौ २ गते दिइएको निम्तोमा मिति तोकिएको थिएन । तर नेपाल र भारत दुवै देशका अधिकारी भदौ ३१ गते र असोज १ गते भ्रमण हुनसक्नेमा विश्वस्त थिए । मिश्री नेपाल भ्रमणमा आएर भारत फर्केको दुई दिनपछि नै भारत र चीन लिपुलेक नाका हुँदै व्यापार गर्न सहमत भए । विदेशमन्त्री स्तरमा सम्झौता गरेर व्यापारभूमि नेपालले दाबी गरिरहेको लिपुलेक हुने भनेपछि नेपालको आपत्ति हुने नै भयो । नेपालले लगत्तै कूटनीतिक नोट पठाएको थियो । प्रधानमन्त्री ओलीले पनि चिनियाँ राष्ट्रपति सी चिनपिङसँगको भेटमा सम्झौताको आधिकारिकताबारे प्रश्न उठाएका थिए । लिपुलेक, कालापानी लिम्पियाधुरा नाका समेट्दै नक्शा जारी गर्ने प्रधानमन्त्री ओली हुन् । चिनियाँ र भारतीय समकक्षी वाङ यी तथा जयशंकरले लिपुलेकबारे सम्झौता गरेपछि नेपाल आफ्नो अडानमा कायम छ । यसपछि प्रधानमन्त्रीको भारत भ्रमणको मिति तय भए पनि भारतले औपचारिक कुनै जानकारी



नदिएपछि भ्रमण के हुने हो भन्ने संशय बढेको छ । अहिलेसम्म भारतबाट भ्रमण मिति नै आएको छैन ।

भारतीय विदेश सचिवको निम्तामा मिति थिएन । त्यसपछि आपसी सहमतिमा मिति तय हुन बाँकी नै छ । यसमा चीन भ्रमणमा प्रधानमन्त्री ओलीले उठाएको प्रसंगले विश्व मञ्चमा भारतप्रति उठेको प्रश्न र नेपालमा पनि नेपालले पठाएको कुटनीतिक नोटल भारत अहिलेसम्म मौन छ । यति मात्र होइन, भारतीय डिजिटल पत्रिका 'द प्रिन्ट'ले ओलीको भारत भ्रमण नहुनसक्ने समाचार लेखेको छ । बिहीबार प्रकाशित समाचारमा लिपुलेक सम्झौता र त्यसमा नेपालको आपत्तिलाई भारतले 'नोट' गरेको बताइएको छ । चीनको तियानजिनमा शांघाइ कोअपरेशन अर्गनाइजेसनमा प्रधानमन्त्री ओलीको भारतीय समकक्षी नरेन्द्र मोदीसँग शिष्टाचार भेट वा साइडलाइन वार्ता हुन सकेन । भारतीय प्रधानमन्त्री मोदीले एक्समा नेपालका प्रधानमन्त्री ओलीसँगको भेटबारे लेख्दै पुरानो दुईदेशीय मैत्रीबारे उल्लेख मात्र गरे, थप केही भनेनन् । प्रधानमन्त्री ओलीलाई भारतको बोधगयामा स्वागत गर्न भारत तयार भएको भनिएको थियो । सेप्टेम्बर १६ अर्थात् भदौ ३१ गते आउन केही दिन बाँकी हुँदा भारतबाट थप खबर नआएकाले प्रधानमन्त्रीको भारत भ्रमणबारे नेपाल र भारतीय सञ्चारमाध्यम मसला पस्किरहेका छन् । नेपाल सरकार भने प्रधानमन्त्रीको भ्रमण हुने र भम्रणक्रममा लिपुलेकको विषय अरु प्राथमिकतापूर्वक उठ्नेमा विश्वस्त छ ।

# यस्तो हुँदैछ गोदाबरीमा एमालेको विधान महाधिवेशन

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दोस्रो विधान महाविधेशनको कार्यतालिका स्वीकृत गरेको छ । आज शुक्रबारदेखि विधान अधिवेशन हुँदैछ ।

ललितपुर, च्यासलस्थित केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको केन्द्रीय सचिवालय बैठकले शुक्रबारदेखि शुरु हुने पार्टीको विधान महाधिवेशनको कार्यकालिका स्वीकृत गरेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए । कार्यतालिकाअनुसार ४० मिनेटको उद्घाटन सत्रपछि महाधिवेशन शुक्रबार नै दस्तावेज प्रस्तुतिकरणमा केन्द्रित हुने निर्णय गरेको छ । बैठकले महाधिवेशनमा पार्टी अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन, पार्टीका उपाध्यक्ष एवम् उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव र महासचिव पोखरेलले सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने निर्णय गरेको छ ।

बैठकले स्थायी कमिटी सदस्य कर्ण थापाको असहमति दस्तावेज पनि प्रस्तुत गरिने निर्णय गरेको उपमहासचिव ज्ञवालीले जानकारी दिए । नेता थापाले बिहीबार पार्टी कार्यालयमा फरक मतको दस्तावेज दर्ता गराएका छन् । उपमहासचिव ज्ञवालीले पूर्वराष्ट्रपति भण्डारीको सदस्यताको विषय महाधिवेशनमा नल्याउन सबैलाई आग्रह गरे । 'पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीका सदस्यताका सम्बन्धमा कर्ण थापाले फरक मतमा के कुरा ल्याउनहुन्छ त्यो बेग्लै कुरा हो,' उनले भने, 'पूर्वराष्ट्रपतिको जुन व्यक्तित्व र योगदानका विषय महाधिवेशको विषय नबनोस् भन्ने हाम्रो आग्रह छ ।'

त्यसैगरी बैठकले केन्द्रीय अनुशासन आयोगका तर्फबाट अध्यक्ष केशव बडाल, केन्द्रीय लेखा आयोगका तर्फबाट अध्यक्ष



डा. पुष्प कँडेल, केन्द्रीय निर्वाचन आयोगका तर्फबाट अध्यक्ष डा. विजय सुब्बा र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहोराले आ–आफ्ना निकायको प्रतिवेदन प्रस्तुत गर्ने निर्णय गरेको एमाले उपमहासचिव ज्ञवालीले बताए ।

उनले महाधिवेशनको दोस्रो दिन भदौ २१ गते प्रस्तुत गरिएको दस्तावेजको १० वटा समूह बनाई छलफल हुने जानकारी दिए । उनका अनुसार भदौ २२ गते समूहबाट आएका सुझावलाई प्रस्तुतिकरण गर्ने र सुझावमाथि प्रतिउत्तर दिने कार्यतालिका छ । यस्तै सोही दिन नै केन्द्रीय निर्वाचन आयोगका निर्वाचन गर्ने र समसामयिक प्रस्तावसहित महाधिवेशनको समापन गर्ने कार्यतालिका रहेको उनले जानकारी दिए ।

बैठकमा सचिवालयका सदस्यले पछिल्लो समसामायिक विषयमा पनि छलफल गरेको जानकारी दिइएको छ । 'जे विषय महाधिवेशनसँग सम्बन्धित छन्, ती विषयमात्र महाधिवेशनमा छलफल हुनेछन् । जुन विषय केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी बैठकसँग सम्बन्धित रहेका एजेण्डा छन् ति विषयलाई सोही कमिटीमा छलफल गरिने छ,' उनले भने ।

एमालको विधान महाधिवेशन 'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य' मूल नारासहित यही भदौ २० गतेदेखि २२ गतेसम्म ललितपुर, गोदावरीस्थित सनराइज हलमा हुँदैछ । महाधिवेशनमा देशभरका दुई हजार २६ जना प्रतिनिधि र आयोजकका हैसियतमा ३ सय १५ जना थप गरी कुल दुई हजार ३ सय ४१ जना सहभागी हुनेछन् ।

### पहिलो गेटबाट ओली मात्र

गोदावरी सभा हलको सिट संख्या २ हजार ८ सय ४० छ । हलभित्र छिर्ने ४ वटा प्रवेश द्वार छन् । पहिलो द्वारबाट भिभिआइपी पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको मात्रै प्रवेश हुनेछ । अन्य पदाधिकारी, मन्त्री, मुख्यमन्त्री सबै दोस्रो र तेस्रो प्रवेशद्वारबाट प्रतिनिधिसँगै प्रवेश गर्ने छन् ।

परिचय स्क्यान गर्ने ६ वटा कम्प्युटरका बुथ छन् । त्यही बुथबाट प्रतिनिधि, पर्यवेक्षक, स्वयम्सेवकले प्रवेश पाउने छन् । अन्तिम प्रवेशद्वारबाट क्याटरिङका लागि खाद्यान्न, खानेपानी ढुवानीका लागि खुला गरिएको छ । दोस्रो र तेस्रो प्रवेश द्वारबाट महाधिवेशन हल छिर्नासाथ ओलीको पूर्ण कदको तस्बिर र विधान महाधिवेशनको लोगो राखिएको छ । हलभित्र २ हजार २ सय स्क्वार फिट डिजिटल बोर्ड राखिएको छ ।

### मञ्चको अघिल्लो खण्डमा ओली मात्रै

मञ्चमा १८ जना पदाधिकारीहरू मात्रै बस्ने छन् । मञ्चमा दुई खण्ड बनाइएको छ । अघिल्लो खण्डमा अध्यक्ष ओली बस्नेछन् भने अन्य पदाधिकारीहरु पछिल्लो खण्डमा मर्यादाअनुसार बस्ने व्यवस्था मिलाइएको छ ।

### १२ मिनेटको धुन

कार्यक्रमको उद्घाटन अध्यक्ष ओलीले गर्नेछन् । तर, परम्परागत उद्घाटन, स्वागत, शुभकामना मन्तव्य जस्ता कार्यक्रम नहुने बताइएको छ । उद्घाटन समारोह जम्मा १२ मिनेटको हुनेछ । उद्घाटन समारोहमा मंगल धुन, शहीदको सम्झनामा शोक धुन, राष्ट्रिय धुन, अन्तर्राष्ट्रिय कम्युनिस्ट गीतको धुन बज्ने छ । उद्घाटन समारोहमा सभा हलभित्र धुन बजिरहँदा बाहिर मिडिया सेन्टरमा कलाकारहरूले आर्ट बनाउने छन् । जसको लाइभभित्र हलमा पनि गरिने छ ।

### प्रतिनिधिलाई झोला

एमालेले विधान महाधिवेशनमा सहभागी हुन आउने प्रतिनिधिलाई झोला वितरण गरिएको छ । झोलामा राजनीतिक प्रतिवेदनदेखि टुथ पेस्ट र ब्रस राखिएको छ । प्रतिनिधिलाई झोला वितरण गरिएको छ । झोलाभित्र राजनीतिक प्रतिवेदन, सांगठानिक प्रतिवेदन हुनेछ । विधान संशोधन प्रस्ताव, लेखा आयोगको प्रतिवेदन, अनुशासन आयोगको प्रतिवेदन र निर्वाचन आयोगको प्रतिवेदन र केन्द्रीय सल्लाहकार परिषद्को प्रतिवेदन हुनेछ । एउटा नोट बुक, मन्जन र ब्रस पनि हुन्छ ।

# 'मधेशको जल, जंगल र जमीन सखाप पार्ने षड्यन्त्र'

**मधेशदृष्टि**
**सर्लाही ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले चुरे र वन विनाशका कारण मधेश मरुभूमि बन्न थालेको बताएका छन् । सदरमुकाम मलंगवामा एकताको प्रथम जिल्ला अधिवेशन उद्घाटनमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । जलस्रोतको धनी देश नेपालमा पानीको अभाव हुनु दुर्भाग्यपूर्ण रहेको उनको भनाइ थियो । अध्यक्ष यादवले भने, 'सुकुम्वासी व्यवस्थापनका नाममा वर्तमान सरकार भूमि विधेयक ल्याएर मधेशको जल, जंगल र जमीन सखाप पार्न खोज्दैछ ।' चुरे विनाश गरेर बालुवा, ढुंगा गिटीको अवैध कारोबार गरेर केह व्यक्ति



अरबपति बनेका छन् भने चुरे विनासले मधेशमा भूमिगत पानीको सतह समाप्त हुँदै गएको र जनता पानी नपाएर दुःख भोगिरहेको अध्यक्ष यादवको भनाइ छ । भूमि विधेयक मधेशको जल, जंगल र जमिन समाप्त गरी उर्वर भूमिलाई मरुभूमि बनाउने योजनाका साथ सरकारले ल्याउन लागेकाले यो राष्ट्र र मधेशविरोधी विधेयक मधेशी जनतालाई कदापि स्वीकार्य नहुने अध्यक्ष यादवले दाबी गरे ।

'सरकारले भूमि विधेयक फिर्ता लिनुपर्छ, बलपूर्वक मधेशी जनतामाथि भूमि विधेयक लाद्न खोजे मधेशी जनता चुप लागेर बस्दैनन्,' उनले भने, 'मधेश अब सचेत भइसकेको छ ।'

# मधेशका पत्रकारलाई पाखा लगाएको आरोप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरोकारबालालाई पन्छाएर मधेश प्रदेश सञ्चार ऐन संशोधन सम्बन्धी छलफल प्रदेश बाहिर भएको भन्दै नेपाल पत्रकार महासंघ, मधेश प्रदेशले आपत्ति जनाएको छ ।

मधेश प्रदेश सञ्चार ऐन संशोधन सम्बन्धी परामर्श गोष्ठी अघि मन्त्रालयले काठमाडौंको कोटेश्वरस्थित एक रेष्टुरेन्टमा बिहीबार छलफल गरेको हो । यो सूचना गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले आफ्नो ह्वाट्सएप ग्रुपमार्फत दिएका थिए । तर, यसबारे ऐनका प्रमुख सरोकारवाला नेपाल पत्रकार महासंघ, मधेश प्रदेश र आठवटै जिल्ला शाखालाई औपचारिक जानकारी नदिइएको महासंघका मधेश महासचिव शैलेन्द्र महतो क्रान्तिद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रदेशमै सञ्चार क्षेत्रमा प्रत्यक्ष संलग्न रहेका रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन र तिनका औपचारिक संघसंस्थाहरू पनि सहभागी नगराइ काठमाडौंमा छलफल कार्यक्रम राखिएको घटना आफैंमा गम्भीर र नियतगत शङ्का उत्पन्न गर्ने खालको रहेको विज्ञप्तिमा उल्लेख छ । सरोकारवालाको सहभागिता र सहमति बिना अघि बढाइने संशोधन प्रस्तावहरू अस्वीकार्य हुने र त्यसविरुद्ध प्रतिकार गर्न महासंघ बाध्य हुने चेतावनी दिइएको छ । महत्वपूर्ण ऐन संशोधन प्रक्रियामा सरोकारवालालाई पाखा लगाएर आयोजना गरिने कुनै पनि छलफल वा गोष्ठी औचित्यहीन हुने महासंघको ठहर छ । महासंघले संविधान २०७२ र सञ्चार–पत्रकारिता सम्बन्धी कानूनी व्यवस्थाविपरीत हुने कुनै पनि संशोधन कदम स्वीकार्य नहुने चेतावनी पनि दिएको छ ।

# टिकटक, भाइबर, निम्बज, वीटोक र पोपोलाइभ नियमित चल्ने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले सूचीकृत नभएका सामाजिक सञ्जाल प्ल्याटफर्महरूलाई सञ्चालनमा रोक लगाउने निर्णय गरेपछि देशभर विभिन्न बहस शुरु भएको छ । कतिपयले सरकारको कदमलाई उचित ठानिरहेका छन् भने केहीले यसलाई विरोध गरेका छन् ।




सरकारका अनुसार हाल पाँच वटा सामाजिक सञ्जाल पहिले नै सूचीकृत भइसकेका छन् । यसमा टिकटक, भाइबर, निम्बज, वीटोक र पोपोलाइभ नियमित रूपमा प्रयोग गर्न सकिने निर्णय भएको छ । नेपालमा दैनिक प्रयोग हुने फेसबुक, युट्युब, ह्वाट्सएप लगायतका अन्य प्ल्याटफर्म प्रयोगकर्ताको ध्यान तानिरहेका छन् । तर, नयाँ सूचीकृत प्ल्याटफर्महरू पनि प्रयोगकर्ताका लागि महत्वपुर्ण बन्न थालेका छन् ।

**टिकटक**
टिकटक छोटो भिडियो पोस्ट गर्ने प्लेटफर्म हो । हाल यसमा फोटो पोस्ट गर्ने सुविधा पनि उपलब्ध छ । एप खोल्दा 'फोर यू पेज' मार्फत तपाईंको रुचि अनुसारका भिडियोहरू देखिन्छन् । यसमा फलोइङ, फ्रेन्ड्स, सर्च, इनबक्स र प्रोफाइल जस्ता सुविधाहरू रहेका छन् । एप डाउनलोड गर्न आईफोन प्रयोगकर्ताले एप स्टोर र एन्ड्रोइड प्रयोगकर्ताले गुगल प्ले स्टोरमार्फत गर्न सक्नेछन् ।

**भाइबर**
भाइबर निःशुल्क कल तथा मेसेजिङ एप हो । यो ह्वाट्सएपको विकल्पका रूपमा प्रयोग गर्न सकिन्छ । मोबाइल नम्बरको माध्यमबाट अकाउन्ट बनाइ भेरिफिकेसन गरेपछि फोन, टेक्स्ट वा भिडियो कल गर्न सकिन्छ ।

**निम्बज**
निम्बज एक मेसेजिङ एप हो । यसमा च्याट, अडियो कल र फाइल आदान–प्रदान गर्न सकिन्छ । अकाउन्ट बनाउन फोन नम्बर वा इमेल प्रयोग गर्न सकिन्छ । यसमा च्याटरुम्स, सोसल मिडिया जोन, लाइभ स्ट्रिम र भर्चुअल गिफ्ट पाउने सुविधा उपलब्ध छ ।

**वीटोक**
वीटोक नेपालमै बनेको भिडियो–साझेदारी एप हो । छोटकरी भिडियोमार्फत कला, प्रतिभा र सिर्जनालाई साझा गर्न सकिन्छ । यसमा प्रतियोगिता, पुरस्कार र सामाजिक मान–सम्मानका अवसर पनि उपलब्ध छन् । एप प्रयोग गरी साथी, परिवार र समाजसँग सिधा सम्पर्कमा रहन सकिन्छ ।

**पोपोलाइभ**
पोपोलाइभ लाइभ स्ट्रिमिङ प्लेटफर्म हो । यसबाट लाइभमा गएर भिडियो कल गर्न, नयाँ साथी बनाउन र आफ्ना प्रतिभा प्रदर्शन गर्न सकिन्छ । फोन नम्बर, इमेल वा अन्य सामाजिक सञ्जालमार्फत अकाउन्ट खोल्न सकिन्छ । लाइभ जानुअघि आवश्यक प्रक्रिया पूरा गर्नुपर्छ । सरकारको निर्णयसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताबीच यसका पक्ष र विपक्षमा बहस शुरु भएको छ । सम्बन्धित क्षेत्रका विशेषज्ञ भन्छन्, 'सूचीकृत प्लेटफर्ममार्फत नियमन सुनिश्चित गर्दा प्रयोगकर्ताको सुरक्षा र डिजिटल दायित्व दुवै सुनिश्चित हुन्छ ।' तर, आलोचकहरूले भने यसले अभिव्यक्ति स्वतन्त्रता सीमित गर्न सक्ने चिन्ता व्यक्त गरेका छन् ।

# कर्मचारी युनियनको स्थापना दिवसमा रक्तदान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल निजामति कर्मचारी युनियनको ३५औं स्थापना दिवसको अवसरमा धनुषा जिल्लामा विभिन्न कार्यक्रम आयोजना गरिएको छ । यसै अवसरमा कांग्रेस निकट युनियनले जनकपुरधामस्थित जनक चोकमा विशेष रक्तदान कार्यक्रमको आयोजना गरेको छ । युनियन धनुषाका अध्यक्ष धर्मराज पौडेलका अनुसार वर्तमान समयमा रगतको माग बढिरहेको हुँदा रक्तदान कार्यक्रमले समुदायमा जीवनरक्षक सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । 'हामीले हाम्रो स्थापना दिवसको अवसरमा रक्तदान गर्दै समाज सेवा र जनताको भलाइमा योगदान पु¥याउने प्रयास गरेका छौं,' पौडेलले भने । नेपाल निजामति कर्मचारी युनियनको स्थापना ३५ वर्षअघि भदौ १९ गते भएको थियो । निजामति कर्मचारीहरुको हक अधिकारको संरक्षण र आवाज उठाउने उद्देश्यले कांग्रेस निकट यस छाता संगठनको स्थापना गरिएको थियो । त्यसयता प्रत्येक वर्ष यही दिनलाई विशेष कार्यक्रममार्फत स्मरण गर्दै आइरहेको छ । पौडेलले थपे, 'निजामति कर्मचारीहरुको हक अधिकारको सवालमा छाता संगठनले पर्याप्त पहल नगर्दा कर्मचारीहरुमा असन्तुष्टि बढेको छ । स्थापना दिवसले युनियनका गतिविधि र समाज सेवा दुवैको प्रतिबिम्ब प्रस्तुत गर्दछ ।' स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा युनियनका सदस्य, स्थानीय कर्मचारी र स्वयंसेवकहरुको सहभागिता रहेको थियो ।

# नाइजेरीयाली नागरिक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत–नेपाल सीमा नजिक रक्सौलमा इमिग्रेशन विभागले एक नाइजेरीयाली नागरिकलाई फर्जी पासपोर्टसहित पक्राउ गरेको छ ।

पक्राउ परेका युवकको नाम उचे जोसेफ ओकोके रहेको छ । उनी सन् २०१२ अप्रिल १५ मा मेडिकल भिसामा भारत प्रवेश गरेका थिए । तर, पछि उनी डिपोर्ट भएका थिए । यसपटक उनले नाम परिवर्तन गरी फर्जी परिचयपत्रका आधारमा पुनः भारत प्रवेश गर्ने प्रयास गरेका थिए ।

उनी २०२५ सेप्टेम्बर ३ मा नेपालका काठमाडौँ विमानस्थल हुँदै फर्जी परिचयपत्र प्रयोग गरेर रक्सौल प्रवेश गर्न खोज्दा इमिग्रेशन विभागको टोलीले नियन्त्रणमा लिएको हो । इमिग्रेशन विभागले उनलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि हरैया थानामा बुझाएको जनाएको छ ।

# ६३औं स्थापना दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाले ६३औं स्थापना दिवस विशेष कार्यक्रमका साथ सम्पन्न गरेको छ ।

कार्यक्रममा रेडक्रसका संस्थापक जा. हेनरी ड्युनाको तस्वीरमा माला र टीका अर्पण गरिएको थियो । सो अवसरमा उपशाखाकी उप–सभापति सरिता यादवको अध्यक्षता तथा नेपाल रेडक्रस सोसाइटी वीरगंज शाखाका अध्यक्ष बृज किशोर पटेलको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो । यस वर्षको स्थापना दिवस 'मानवताको पक्षमा' भन्ने नाराका साथ मनाइएको छ । नेपाल रेडक्रसले विपद् व्यवस्थापन, स्वास्थ्य सेवा, रक्तसञ्चार सेवा, सामुदायिक विकास तथा युवा सहभागितालाई प्राथमिकता दिंदै 'म सेवा गर्छु' भन्ने मूल मन्त्रसहित मानवीय कार्यलाई निरन्तर अघि बढाइरहेको छ ।

# हैजा नियन्त्रणका लागि सचेतना

**मधेशदृष्टि**
**वीरगंज ।**
हैजाको जोखिम न्यूनीकरण र नियन्त्रणका लागि लायन्स क्लब अफ वीरगंज मेट्रो सिटीको आयोजनामा सचेतना कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा लायन्स क्लब अफ वीरगंज सुप्रिम, ह्युम्यानिटी, गेटवे, संस्कृतिगोल्डको सहआयोजनाका साथै नाटा वीरगंज र स्काउट वीरगंजले सहयोग पु¥याएका थिए । सचेतना कार्यक्रम इन्दु लखा आधारभूत विद्यालय, कञ्चनजंघा इंग्लिस स्कूल र श्री माईस्थान विद्या पीठ माध्यमिक विद्यालयमा सञ्चालन गरिएको थियो । कार्यक्रम सफल बनाउन लायन्स क्लब अफ वीरगंज मेट्रो सिटीका अध्यक्ष लायन उमेशकुमार शाह, अन्य क्लबका अध्यक्ष र सदस्यहरूको सहभागिता उल्लेखनीय रह्यो । हैजा नियन्त्रण र सचेतनामार्फत सुरक्षित तथा स्वस्थ समुदाय निर्माणका लागि क्लब निरन्तर प्रतिबद्ध छ ।

# एनसेलबाट सामाजिक सञ्जाल बन्द



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपालका प्रमुख मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले आफ्नो मोबाइल डाटाबाट सरकारले हालै रोक लगाएका सामाजिक सञ्जालहरू नचल्ने जानकारी दिएको छ । कम्पनीले बिहीबार जारी विज्ञप्तिमा मोबाइल डाटा प्रयोगकर्तालाई पर्न सक्ने असुविधाप्रति क्षमा मागेको छ । एनसेलका अनुसार सरकारको निर्देशनअनुसार हालसम्म सूचीकृत नभएका सामाजिक सञ्जाल प्लेटफर्महरू सञ्चालनमा आउने छैनन् । सरकारले कुल २६ वटा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सूचीकृत नहुँदा रोक लगाउने निर्णय गरेको छ । यस निर्णयप्रति समाजमा विरोध र आलोचना दुवै भएको छ । एनसेलले आफ्नो प्रयोगकर्तालाई समयमै जानकारी दिँदै रोकथामको लागि प्राविधिक तयारी पूरा गरेको उल्लेख गरेको छ ।

कम्पनीको विज्ञप्तिमा भनिएको छ, 'सञ्चार सेवामा असुविधा पर्न सक्ने अवस्थामा हामी हाम्रो ग्राहकहरूसँग सहानुभूति व्यक्त गर्दछौं र आवश्यक सहयोग पुऱ्याउन तत्पर छौं ।'

# मधेश प्रदेश स्तरीय किशोर–किशोरी भेला सम्पन्न

**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेश स्तरीय किशोर–किशोरी भेला २०८२ बिहीबार बर्दिबासमा सम्पन्न भएको छ । कार्यक्रम राष्ट्रिय किशोर सञ्जाल र राष्ट्रिय किशोरी सञ्जालको संयुक्त आयोजनामा भएको थियो भने सिविन नेपाल र गर्ल्स नट ब्राइड संस्थाले संयोजन तथा सेभ द चिल्ड्रेनले सहयोग प्रदान गरेको थियो ।




कार्यक्रम राष्ट्रिय किशोरी सञ्जालकी महासचिव कृतिका घितालको अध्यक्षता र मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा सिविन नेपालका अध्यक्ष माधव प्रधान, एनआइआरएन नेपालकी अध्यक्ष निरजिना भट्ट, राष्ट्रिय किशोर सञ्जालका केन्द्रीय सदस्य राजन दास लगायतका सरोकारवालाहरूको उपस्थिति थियो । मन्त्री जयसवालले मधेश प्रदेशमा विद्यमान असमानता, जातीय विभेद, बालविवाह र छिट्टै हुने विवाहजस्ता समस्याको समाधानका लागि संघीय, प्रदेश र स्थानीय सरकारसँगै नागरिक समाजबीच सहकार्य अपरिहार्य रहेको बताए । उनले प्रदेशले पहिलोपटक बालिका संरक्षण ऐन, नीति र बालिका कोष सञ्चालन गरी बालिका सशक्तिकरणमा प्राथमिकता दिएको जानकारी समेत दिए ।

यस वर्षको बजेटमा पर्याप्त स्रोत विनियोजन गरिएको र दहेज प्रथा, बालविवाह तथा छिट्टै हुने विवाह न्यूनीकरणका लागि सामूहिक विवाह कार्यक्रम पनि नीतिगत रूपमा समावेश गरिएको उनले बताए । भेलामा दुई दिनसम्म साइबर सुरक्षा, यौन तथा प्रजनन स्वास्थ्य, बालविवाह र बालश्रम अन्त्यका उपायबारे छलफल भएको थियो । साथै, मधेश प्रदेशका आठ जिल्लाका समस्या तथा चुनौतीहरूको प्रदर्शन समेत गरिएको थियो । कार्यक्रममा सहभागी किशोर–किशोरीहरूले तयार पारेको १२ बुँदे अपिल पत्र मन्त्री जयसवाललाई हस्तान्तरण गरेका थिए । आयोजकका अनुसार भेलामा मधेश प्रदेशका आठ जिल्लाका ५० जना किशोर–किशोरी सहभागी थिए । भेला बालबालिका अधिकार, बालिका सशक्तिकरण र किशोर–किशोरीहरूको सक्रिय सहभागितालाई प्रवद्र्धन गर्ने उद्देश्यले आयोजना गरिएको थियो ।

# 'मुहम्मद जयन्तीले भाइचाराको मार्गमा अघि बढ्न प्रेरित गर्छ'

**मधेशदृष्टि**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले इस्लाम धर्मका अन्तिम ईशदूत (पैगम्बर) हजरत मुहम्मद (सल्ल।) को १५००औं जन्मजयन्तीको अवसरमा सम्पूर्ण मुस्लिम समुदायप्रति शुभकामना व्यक्त गर्दै सत्य, सहिष्णुता, सदाचार र सामाजिक समरसताको बाटोमा अघि बढ्न सबैलाई आह्वान गरेका छन् । यादवले जारी गरेको सन्देशमा देश तथा विदेशमा रहेका मुस्लिम समुदायका नागरिकलाई सुख, शान्ति, समृद्धि, दीर्घायु र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गरेका छन् । 'नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएकाले यहाँका पर्व, जयन्ती र दिवसहरूले हाम्रो सामाजिक संरचनालाई थप सुदृढ बनाउन मद्दत पुऱ्याउँछन् । मुहम्मद जयन्ती केवल धार्मिक अवसर मात्र नभई सामाजिक, सांस्कृतिक र नैतिक दृष्टिले पनि महत्वपूर्ण छ,' यादवले सन्देशमा उल्लेख गरेका छन् ।



उपराष्ट्रपतिले हजरत मुहम्मदको जीवन दर्शनले सत्य, करुणा, क्षमा, धैर्य र सेवाभावलाई आत्मसात गर्न प्रेरणा दिने बताएका छन् । उनले मुस्लिम समुदायले यो अवसरमा कुरान पाठ गर्ने, नमाज पढ्ने र प्रार्थना गर्ने परम्परा आत्मशुद्धि, संयम र आध्यात्मिक अनुशासनको अभ्यासमा टेवा पु¥याउने विश्वास व्यक्त गरे । यादवले मुहम्मद जयन्तीले धार्मिक सहिष्णुता, आपसी सद्भाव, सामाजिक एकता र भाइचाराको सन्देश फैलाउनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले गरीब, असहाय, अनाथ र विपन्न वर्गप्रति सहानुभूति र सहयोगको भावना अभिवृद्धि गर्न यस पर्वले टेवा पुग्ने पनि बताए ।

ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा
Janakpurdham-4, Dhanusha

डिप्लोमा / प्रमाण पत्र तह सामान्य चिकित्सा (H.A.) कार्यक्रमको पुर्ण शुल्कीयतर्फ रिक्त सिटहरुमा छनोटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सुचना।

सुचना प्रकाशित

शैक्षिक सत्र २०८२/०८३ का लागि यस इन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि., जनकपुरधाम-४, धनुषामा सामान्य चिकित्सा (H.A.) अध्ययनका लागि केही कोटा रिक्त रहेको हुदाँ सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यसै सत्रमा CTEVT बाट Online फारम भरि नेपाल भरि H.A./ Nursing/ Pharmacy को पूर्ण शुल्किय र छात्रवृतिको नतिजाबाट उतीर्ण भएका परिक्षार्थीहरुलाई म्यादभित्र निवेदन दिई सिट सुरक्षित राख्नुहुन जानकारी गराइन्छ ।

सम्पर्क नं.: 041-422679, 9809612525
9807678737, 9844220968

# प्रमुख प्रशासकीय अधिकृतलाई काम गर्न अवरोध




**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको खडक नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षभित्रका सम्पूर्ण फर्निचर बाहिर ल्याएर राखिएको छ । नगरपालिकाका मेयर जयप्रकाश चौधरीको निर्देशनमा ज्यालादारी कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत बस्ने कुर्सी, टेबलसहितका फर्निचर, नेम प्लेट समेत झिकेर राखेका हुन् । पालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा बिनय सोनु कार्यरत छन् ।

सोनुलाई काम गर्न नदिने मनसायका साथ मेयर चौधरीले कार्यकक्षभित्रका सबै सामान नै बाहिर ल्याएर राख्न लगाएका हुन् । प्रमुख प्रशासकीय अधिकृत सोनु आएदेखि नै स्थानीय तह संचालन ऐन र नियमावली विपरित काम गर्न भनेको र नमान्दा मेयर चौधरीले उनको कार्यकक्ष नै खाली गराएका हुन् ।

'दिन नमिल्ने भुक्तानी गराउन, गर्न नसकिने काम गराउन मेयरज्यूले अत्यधिक दवाव दिनुभयो' प्रमुख प्रशासकीय अधिकृत सोनु भन्छन्, 'नमान्दा उहाँले कार्यालयमा बस्ने वातावरण नै बिगार्नुभएको छ ।' यो पालिकाको सभा निर्धारित समय असारमै सम्पन्न भएको छ । नयाँ आर्थिक बर्ष शुरु भएपछि कामकाजलाई अगाडि बढाउनुपर्ने हो । तर, मेयर चौधरीले प्रमुख प्रशासकीय अधिकृत सोनुबाट काम नगराउने मनसायका साथ कार्यपालिका बैठक समेत बोलाएका छैनन् । ज्यालादारी र करारका कर्मचारीको म्याद थप्ने बिषयमा कार्यपालिकाको बैठक बस्न सकेको छैन् भने मेयर चौधरीले खाता खोल्न अख्तियारी समेत दिएका छैनन् ।

मेयर चौधरीले कार्यकक्षभित्रको सामान मात्रै हटाएका छैनन् । कार्यालयमा आउन त्रास उत्पन्न गराएको प्रमुख प्रशासकीय अधिकृत सोनुको भनाई छ । 'कार्यालय आउँदा दुव्र्यबहार गर्नु भनेर केहि व्यक्तिलाई भनेको आफूले सूचना पाएको छु' सोनुले भने, 'यसरी कसरी काम गर्न सकिन्छ ?' आफू ऐन र नियमको परिधिभित्र काम गर्न तयार रहेको उनी बताउँछन् । यद्यपी बलजफ्ती तरिकाले गर्न लगाउने काम गर्न नसकिने बताए ।

यस बिषयमा मेयर चौधरीसँग पटक पटक फोन सम्पर्क गर्दा समेत उनले फोन उठाएनन् । यद्यपी उनले एक टेलिभिजनसँग कुराकानी गर्दै प्रमुख प्रशासकीय अधिकृतलाई निषेध गर्न खोजेकै प्रतिक्रिया दिएका छन् ।
नगरपालिकामा मनोमानी काम गरिरहेकाले उनलाई निषेध गर्न खोजेको उनले बताएका छन् ।

# मृतक सिटी रिक्सा चालक परिवारलाई राहत वितरण



**मधेशदृष्टि**
**सिरहा ।**
लहान नगरपालिका–१९ कटहाका मृतक सिटी रिक्सा चालक अचकलाल सदायको परिवारलाई नगरप्रमुख महेश प्रसाद चौधरीले घरमै पुगेर राहत सामग्री वितरण गरेका छन् । गत भदौ १४ गते शनिबार ४७ वर्षीय सदायको सिटी रिक्सा चार्ज गर्ने क्रममा विद्युत् प्रवाह लागेर मृत्यु भएको थियो । नगरप्रमुख चौधरी एक क्विन्टल चामल, पाँच किलो दाल, तीन किलो नुन र तीन लिटर तेलसहित मृतकको घरमै पुगेर परिवारलाई सहयोग गरेका हुन् । राहत सामग्री पाएकोमा मृतककी पत्नी सावित्री सदाय र क्रियामा बसेका छोरा कृष्ण सदाय भावुक बने । सावित्रीले नगरप्रमुखसँग छोराका लागि रोजगारीको व्यवस्था गरिदिन विशेष आग्रहसमेत गरिन् । नगरप्रमुख चौधरीले मुसहर समुदाय अति विपन्न दलित समुदाय भएकाले मृत्युपछि संस्कार गर्न नसक्ने अवस्थालाई ध्यानमा राख्दै आफू निर्वाचित भएदेखि नै पाँच हजार रुपैयाँ नगद र खाद्यान्न सहयोग गर्दै आएको बताए ।
उनले भने, 'मुसहर समुदायको उत्थानका लागि नगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।

बस्तीमै ट्युशन कक्षा, शैक्षिक सामग्री वितरण, खानेपानी र आवासका लागि काम भइरहेको छ । यस आर्थिक वर्षमा फुस घर विस्थापन कार्यक्रममार्फत आवासको समस्या समाधान गर्न लागेका छौँ ।' सदाय परिवारले नगरप्रमुखको सहयोगप्रति आभार व्यक्त गर्दै अब भविष्यमा स्थायी रोजगारीको व्यवस्था नगरपालिकाले प्राथमिकतामा राखिदिन माग गरेका छन् ।

# होटल र ग्यारेजबाट बालश्रमिक हटाउन पहल

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिकाले बालश्रम अन्त्य गरी आर्थिक वर्ष २०८२/८३ भित्रै बालश्रममुक्त नगरपालिका घोषणा गर्ने अभियानलाई तीव्र पारेको छ । नगर उपप्रमुख जयमाला चौधरीका अनुसार हाल नगरका विभिन्न होटल तथा ग्यारेजहरूमा अनुगमन अभियान चलाएर बालश्रमिक फेला पारी घर पठाउने कार्य अघि बढाइएको छ । नगरस्तरीय बालअधिकार समिति सदस्य तथा मनोसामाजिक परामर्शकर्ता सिर्जना तिमल्सिनाले १८ वर्ष मुनिका बालबालिकालाई गैरकानुनी रूपमा होटल र ग्यारेजमा काममा लगाइएकाले पहिलो चरणमा त्यस्ता स्थानबाट बालश्रमिक हटाउने अभियान थालिएको जानकारी दिइन् । उनका अनुसार निरन्तर अनुगमनपछि बालश्रमिकको संख्या घट्न थालेको छ । तिमल्सिनाले अनुगमनका क्रममा केही होटल तथा ग्यारेजमा बालबालिकालाई दैनिक १८ घण्टासम्म काममा लगाउने गरिएको तथ्य फेला परेको बताइन् । साथै, अभिभावकहरूले आफ्ना बालबालिकालाई सडकमा भिक्षा माग्न पठाउने गरेको अवस्थामाथि पनि समितिले चिन्ता व्यक्त गरेको छ । 'हामीले अभिभावकलाई यस्तो कार्यबाट बालबालिका दीर्घकालीन रूपमा जोखिममा पर्ने, शिक्षाबाट बञ्चित हुने र पोषणको अधिकार नपाउने तथ्यबारे सचेत गराउँदै आएका छौँ,' तिमल्सिनाले भनिन् । छोरी संस्था चन्द्रपुर नगरपालिकाको वडा नं. ४, ७, ९ र १० मा सक्रिय रूपमा बालश्रमिकलाई श्रममुक्त गराएर विद्यालय पठाउने अभियानमा संलग्न छ । यस क्रममा विद्यालयमा पठाइएका बालबालिकालाई ड्रेस, कापी, कलम लगायतका सामग्री उपलब्ध गराइने गरेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख चन्द्रकला बरालका अनुसार बालमैत्री नगरपालिका बनाउनका लागि प्रत्येक वडामा बालअधिकार समिति गठन गरी सक्रिय पारिएको छ ।
उनले भनिन्, 'बालश्रम अन्त्य गर्दै बालबालिकालाई विद्यालयमा ल्याउने अभियानलाई नगरपालिका निरन्तर अघि बढाउनेछ ।' नगरपालिकाले बालश्रम अन्त्य र बालअधिकारको सुनिश्चिततामार्फत चन्द्रपुरलाई बालमैत्री नगरपालिका बनाउन दीर्घकालीन योजना अघि सारेको छ । उपप्रमुख चौधरीका अनुसार यस अभियानमा स्थानीय समुदाय, विद्यालय, नागरिक समाज र सामाजिक संस्थाहरूको सहकार्यलाई प्राथमिकतामा राखिएको छ ।




# मधेश प्रदेशमा आज सार्वजनिक बिदा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले मुस्लिम समुदायको महान् पर्व मोहम्मद जयन्तीका अवसरमा आज सार्वजनिक बिदा दिएको छ । प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव विमल प्रसाद बरालद्वारा बिहीबार जारी सूचनामा शुक्रबार सम्पूर्ण प्रदेशमा सार्वजनिक बिदा रहेको उल्लेख गरिएको छ । मन्त्रालयले जारी गरेको सूचनामा २०८१ चैत्र २२ गते प्रकाशित राजपत्रमा तोकिएका अतिरिक्त सार्वजनिक बिदा व्यवस्थाअनुसार मोहम्मद जयन्तीको अवसरमा बिदा दिन निर्णय गरिएको स्पष्ट गरिएको छ । यसअघि पनि प्रदेश सरकारले धार्मिक र सांस्कृतिक विविधतालाई सम्मान गर्ने उद्देश्यसहित विभिन्न पर्वमा सार्वजनिक बिदा दिने परम्परा कायम गर्दै आएको छ ।

# निजामती कर्मचारीको स्थापना दिवसमा रक्तदान




**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल निजामती कर्मचारी युनियनको स्थापना दिवसको अवसरमा रौतहटमा विशेष रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

प्रादेशिक अस्पताल गौरमा बिहीबार आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बिनोदकुमार खड्कासहित १६ जनाले रक्तदान गरेका छन् ।
कार्यक्रम नेपाल निजामती कर्मचारी युनियन रौतहटले आयोजना गरेको थियो । सिडिओ खडकाले रक्तदानलाई ठूलो मानवीय धर्म भन्दै यस्ता कार्यले समाजमा सकारात्मक सन्देश जाने बताए । उनले भने, 'निजामती कर्मचारी युनियनको स्थापना दिवस जस्तो विशेष अवसरमा यस्तो पुण्यकाममा सबैले सहभागिता जनाउनुपर्छ ।'
साथै उनले प्रादेशिक अस्पताल गौर र रक्तसञ्चार सेवा समितिले प्रदान गर्दै आएको सेवाको सराहना गर्दै यसलाई अझ प्रभावकारी बनाउन सबैको सहकार्य आवश्यक रहेको उल्लेख गरे ।
युनियन रौतहटका इसराजुल खाँले पनि रक्तसञ्चार सेवा समितिको कामको प्रशंसा गर्दै यसको सञ्चालनमा कुनै कमी हुन नदिन सबै पक्षबाट निरन्तर योगदान आवश्यक रहेको धारणा राखे । रक्तदान कार्यक्रमका सहभागी कर्मचारीलगायत अन्य रक्तदातालाई सम्मान गरिएको थियो ।
संकलित रगत प्रादेशिक अस्पताल गौरको रक्तसञ्चार केन्द्रमा भण्डारण गरिने युनियनले जनाएको छ । स्थानीयवासी र कर्मचारी युनियनका पदाधिकारीहरूले यस्ता कार्यक्रमले समाजमा मानवीय भावना बलियो बनाउने र अस्पतालमा देखिने रगतको अभाव कम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

सम्पादकीय

# कस्तो छ नेपालको कारागार ?

भनिन्छ कारागारलाई सुधारगृह बनाऔँ। यसो भनेको दशकौँ भएको छ । तर नेपालका कारागार ज्यानमारा हुने गरेको छ। सद्दे जेल पसेकाहरु जेलमा कसरी मर्छन् भन्ने प्रश्न नेपालका जेलहरुले उब्जाइरहेका छन्।

यस्तै भएको छ सुनसरीको झुम्का कारागारमा । कारागारमा अज्ञात रोगको प्रकोपका कारण चार दिनमा तीन जना कैदीबन्दीको मृत्यु भएपछि यसले सबैको धन तानेको छ । प्रारम्भमा उच्च ज्वरो, श्वासप्रश्वासमा समस्या र वान्ता जस्ता लक्षण देखिएका उनीहरु कसरी मरे ? पछिल्लो मृत्यु बुधबार दिउँसो सप्तरीका ४६ वर्षीय जलेश्वर यादवको भएपछि प्रश्न उब्जिएको हो । उनी बेहोस भएपछि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको थियो। यादव जबर्जस्ती करणी मुद्दामा कारावास भोगिरहेका थिए। यसअघि सोमबार दुई अन्य कैदीबन्दीको मृत्यु भएको थियो। गढी गाउँपालिका(६) का ४८ वर्षीय रामदेव उराव र धरानका २४ वर्षीय सागर राईको उपचारक्रममा मृत्यु भएको कारागार प्रशासनले जनाएको छ। उराव कर्तव्य ज्यान मुद्दामा, राई लागुऔषध मुद्दामा कैद भुक्तान गरिरहेका थिए। कारागारमा चार दिनभित्र लगातार तीनजनाको मृत्यु भएपछि जिल्ला सुरक्षा समिति सुनसरीले अनुगमन टोली पठाएर स्वास्थ्य शिविर सञ्चालन गरेको छ।

स्वास्थ्य शिविर त औपचारिकता मात्रै हो। बुधबार रातिदेखि दुबै ब्लकका कैदीहरूको स्वास्थ्य परीक्षण शुरु भएको छ। प्रहरी प्रमुख एसपी सुमन तिम्सिनाका अनुसार मध्यरातसम्म १ सय ६० भन्दा बढी कैदीको परीक्षण भइसकेको छ।

रिपोर्ट आएपछि बिरामीको कारण पत्ता लाग्ने विश्वास गरिएको छ । झुम्का कारागारमा हाल १ हजार ७ सय ९४ कैदी छन्। जेलभित्रै उनीहरुको मृत्यु सामान्य ठान्नु हुन्न। यसलाई अध्ययनको विषय बनाउनु पर्छ।

# क्षेत्रीय सुरक्षा, बहुपक्षीयता र दिगो विकासमा नेपाली प्रतिबद्धता



प्रकाश सिलवाल

'हामीले भौतिक, आर्थिक, डिजिटल, सामाजिक–सांस्कृतिक र जनता–जनताबीचको सम्पर्क सञ्जाललाई बढावा दिएर क्षेत्रीय शान्ति, प्रगति र समृद्धिलाई बढावा दिनुपर्छ ।' चीनको थियानजिनमा आयोजित शाङ्घाइ सहयोग संगठन (एससिओ) प्लसको शिखर सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीको यो सम्बोधन साझा चुनौतीको सामनाका लागि विश्वलाई थप एकताबद्ध र एकीकृत हुन केन्द्रित थियो।

पछिल्लो समयमा अन्तर्राष्ट्रिय मञ्चमा क्षेत्रीय सुरक्षा, बहुपक्षीयता र दिगो विकासलगायत सवालमा नेपालको स्पष्ट र दर्बिलो प्रस्तुति हुँदै आएको छ। साझा भविष्यलाई खतरामा पार्न सक्ने भूराजनीतिक, आर्थिक र जलवायुजन्य झट्काको सामना गर्न थप गम्भीर हुन नेपालले ध्यानाकर्षण गराएको छ। यसका लागि सन् २०१६ देखि संवाद साझेदारका रुपमा एससिओमा रहेको नेपालले पूर्ण सदस्यका रुपमा रहेर न्यायपूर्ण, समावेशी र लचिलो व्यवस्था निर्माणका लागि मिलेर सघाउन तत्पर रहेको जनाउ दिएको छ।

'विश्वमा असहमतिहरू स्वाभाविक हुन्छन् तर विवादहरू विनाशकारी हुनु हुँदैन। एससिओको भावनालाई अँगालेर, हामीले गहिरो समझदारीलाई बढावा दिन संवाद र कूटनीतिलाई अगाडि बढाउनुपर्छ ।' एससिओका सदस्य राष्ट्रहरू, पर्यवेक्षक राष्ट्र, संवाद साझेदारहरू तथा अन्य अतिथिसमेत गरी २४ मुलुकका राष्ट्र र सरकार प्रमुखहरू उपस्थित शिखर सम्मेलनमा प्रधानमन्त्री ओलीको सम्बोधन विश्वलाई विभाजन होइन, साझेदारीको आवश्यकताको आम भावनामा केन्द्रित थियो।

दिगो भविष्यको लागि नियममा आधारित र समावेशी बहुपक्षीय प्रणालीलाई समर्थन गर्दै नेपालले मित्रता, साझेदारी र राम्रो छिमेकी सम्बन्धलाई बलियो बनाउन पनि आग्रह गरेको थियो। एससिओमा नेपालको सहभागिताको स्तर बृद्धिका साथै सो मार्फत् नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने लक्ष्यका साथ प्रधानमन्त्री ओलीको नेतृत्वमा २३ सदस्यीय टोली चीन गएको थियो। भ्रमणबारे प्रधानमन्त्री ओलीले यही भदौ १३ गते प्रतिनिधिसभामा जानकारी गराउनुभएको थियो।

यही भदौ १४ देखि १८ गतेसम्म भएको प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डल थियानजिनको शिखर सम्मेलनका साथै चीन सरकारद्वारा बेइजिङमा आयोजित 'फाँसिवादविरुद्धको विश्वयुद्ध र जापानी अतिक्रमणविरुद्धको चिनियाँ जनताको प्रतिरोधी युद्धमाथिको विजयको ८० औं वार्षिकोत्सव समारोह' पनि सहभागी भएर स्वदेश फर्कनुभएको छ । रुसी महासङ्घका राष्ट्रपति भ्यादिमिर पुटिनलगायत एससिओमा आबद्ध २० भन्दा बढी मुलुकका राष्ट्र प्रमुख–सरकार प्रमुख सहभागी यस कार्यक्रमको विश्वस्तरमा चर्चा भएको छ । यसले नेपालका प्रधानमन्त्री ओलीलाई एक समसामयिक एसियाली नेताका रुपमा परिचित पनि गराएको छ।

सन् १९९६ मा चीन, रुस, काजाकस्तान, कीर्गिस्तान र ताजिकिस्तानबीच 'शाङ्घाइ फाइभ' नामक क्षेत्रीय समूह बनेको थियो। सन् २००१ मा उज्बेकिस्तानसमेत सामेल भएपछि यसलाई औपचारिक रूपमा शाङ्घाइ सहयोग सङ्गठन नाम दिइएको थियो। स्थापनाकालमा यसले सीमा क्षेत्रीय सुरक्षा, आतङ्कवाद विरोधी संयन्त्र र सैन्य विश्वास निर्माणका उद्देश्य बोकेको थियो। पछिल्ला दुई दशकमा यसको कार्यक्षेत्र विस्तार भई आर्थिक सहकार्य, ऊर्जा साझेदारी, पारवहन सञ्जाल, वातावरणीय स्थायित्व र सांस्कृतिक सम्पर्कसम्म भएको छ। यसका पूर्ण सदस्य, पर्यवेक्षक सदस्य र संवाद साझेदार सदस्य गरी तीन प्रकारका सदस्य रहेका छन्।

हाल चीन, रुस, भारत, पाकिस्तान, काजाकस्तान, कीर्गिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान, पाकिस्तान, इरान र बेलारुस गरी दस पूर्ण सदस्य छन् । यसको दुई पर्यवेक्षक राष्ट्रहरूमा अफगानिस्तान र मङ्गोलिया छन् भने संवाद साझेदार सदस्यमा नेपाल, अजरवैजान, अर्मेनिया, क्याम्बोडिया, टुर्किये, श्रीलङ्का, साउदी अरबिया, इजिप्ट, कतार, बहराइन, माल्दिभ्स, म्यानमार, संयुक्त अरब इमिरेट्स, र कुवेतसहित १४ मुलुक छन्। नेपालले पर्यवेक्षक हुँदै पूर्ण सदस्य मुलुकमा स्तरोन्नतिका लागि आफ्नो प्रस्ताव अघि सार्दै आएको छ । हालको संरचनाले नेपाललाई मतदान अधिकार नदिए पनि उच्चस्तरीय बैठक, छलफल, परियोजना र नीति–निर्माण प्रक्रियामा सहभागिता जनाउँदै आएको छ।

गत वर्ष काजकिस्तानको अस्ताना सहरमा सम्पन्न शिखर सम्मेलनले ऊर्जा सुरक्षा, पारवहन मार्ग विस्तार, हरित विकास, डिजिटल सहकार्यलाई प्राथमिकता दिएको थियो। नेपालले त्यतिबेला भूपरिवेष्ठित मुलुकका चुनौती, जलवायु परिवर्तनको प्रभाव, पर्वतीय क्षेत्रको दिगोपन र ऊर्जा पहुँचमा सहकार्यको आवश्यकतामा जोड दिएको थियो।

भ्रमणका क्रममा चीनका राष्ट्रपति सी चिनफिङसँग थियानजिनमा भेट गरी प्रधानमन्त्री ओलीले दुई पक्षीय सम्बन्ध, सहयोग र प्राथमिकताका विषयहरूमा खुला र हार्दिकतापूर्ण छलफल गर्नुभयो। सो क्रममा उहाँले शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तमा आधारित नेपाल–चीन सम्बन्ध समस्यारहित रहेको उल्लेख गर्दै नेपालको विकास प्रयासमा पुर्‍याउँदै आएको निरन्तर सहयोगका लागि चीन सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो । बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत सहमति भएका लगायत विभिन्न परियोजनाहरूको शीघ्र कार्यान्वयन हुनेमा आशा व्यक्त गर्दै उहाँले रासायनिक मल, पेट्रोलियम अन्वेषण, मानव संसाधन विकास, जलवायु परिवर्तनको प्रभावसँग जुध्ने क्षमता अभिवृद्धि तथा जनस्तरको सम्बन्ध सुदृढीकरण जस्ता क्षेत्रहरूमा सहयोगका लागि आग्रह गर्नुभएको परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री स्वदेश फर्केपछि जारी भएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

नेपालको भूभाग लिपुलेक नाकामार्फत सीमा व्यापार गर्ने सम्बन्धी भारत र चीनबीच हालै भएको समझदारीप्रति प्रधानमन्त्री ओलीले आपत्ति जनाउँदै समझदारी कार्यान्वयन नगर्न चीनका राष्ट्रपति सीलाई अनुरोध गर्नुभएको विषयको समाचारले नेपालमा निकै स्थान पाएको थियो। साथै, राष्ट्रियताका सवालमा प्रधानमन्त्री ओलीको स्पष्ट अडानको प्रशंसा भएको पाइयो।

चीनका राष्ट्रपति चिनफिङले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्ने कार्यमा चीनको सहयोग रहने र चीनले संयुक्त राष्ट्रसङ्घ र साङ्घाई सहयोग सङ्गठनलगायतका बहुपक्षीय मञ्चहरूमा नेपालसँग सहकार्य गर्ने विश्वास दिलाएर नेपालप्रतिको सद्भाव पुनः अभिव्यक्त गर्नुभएको छ। राष्ट्रपति चिनफिङसँगको भेटमा नेपालले ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई) मा नेपालले समर्थन गरेको भन्ने भावको चिनीयाँ पक्षको प्रेस विज्ञप्तिलाई नेपाली पक्षले खण्डन गरिसकेको छ।

नेपालको संविधानमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने भनी उल्लेख गरिएको राज्यका निर्देशक सिद्धान्तप्रति वर्तमान सरकार स्पष्ट रहेका शङ्का देखिँदैन । विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने पनि नेपालको प्राथमिकता हुनेछ । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने विषयमा सत्ता गठबन्धनका दलहरु पनि स्पष्ट देखिएका अवस्थामा अन्य आशङ्का गर्नुपर्ने स्थिति देखिँदैन।

बेइजिङमा प्रधानन्त्री ओलीले चीनका उपराष्ट्रपति हान चङ्गसँग दिपक्षीय भेट गर्नुभयो र उपराष्ट्रपति हानले देउथाइ सरकारी गेष्ट हाउसमा दिनुभएको रात्रिभोजको सहभागी हुनुभयो । भ्रमणका क्रममा राष्ट्रपति सी र उहाँकी धर्मपत्नी पेङ लियानले आयोजना गर्नुभएको स्वागत भोज प्रधानमन्त्री ओली सहभागी हुनुभयो । सोही क्रममा भारतका समकक्षी नरेन्द्र मोदीसँग अनौपचारिक भेटवार्ता पनि भएको थियो।

रूसी महासङ्घका राष्ट्रपति पुटिनसँगको भेटवार्तामा दुबै नेताहरूले नेपाल–रूस सम्बन्धलाई अझ सुदृढ तुल्याउने र व्यापार, लगानी, शिक्षा तथा संस्कृतिका साथै हवाई सम्पर्कका क्षेत्रमा परस्पर लाभदायक सहयोग प्रवर्द्धन गर्ने विषयमा छलफल गर्नुका साथै राष्ट्रपति पुटिनलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्नुले नेपालको अन्तर्राष्ट्रिय छवि थप विस्तार भएको मानिएको छ।

सोही क्रममा प्रधानमन्त्री ओलीले लाओ जनवादी प्रजातान्त्रिक गणतन्त्रका राष्ट्रपति डा थोङलौन सिसोलिथसँग भएको भेटमा दुबै नेताहरूले संस्कृति, कृषि र जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने बारेमा विचार विमर्श गर्नुभयो । त्यसैगरी, गणतन्त्र माल्दिभ्सका राष्ट्रपति डा मोहम्मद मिज्जुसँग भएको भेटमा दुवै नेताहरूले कृषि, पर्यटन, शिक्षा तथा जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने विषयमा छलफल गर्नुभयो । समाजवादी गणतन्त्र भियतनामका प्रधानमन्त्री फाम मिन चिन्हसँगको भेटमा नेपाल–भियतनाम मैत्री सम्बन्धलाई अझ सुदृढ तुल्याउने एवम् व्यापार तथा लगानी, विज्ञान र प्रविधि, नवप्रवर्तन, डिजिटलाइजेशन, जलवायु परिवर्तन, खेलकुद, शिक्षा, संस्कृतिका साथै हवाई सम्पर्कजस्ता क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा छलफल भयो।

कम्बोडिया अधिराज्यका प्रधानमन्त्री सम्देच मोहा बोर्भर थिपैदिइ हन मानेटसँग भेटघाट हुँदा दुई मुलुकबीच व्यापार, लगानी, पर्यटन, सांस्कृतिक सहयोग प्रबद्र्धन गर्ने विषयमा छलफल भएको थियो। साथै, संयुक्त राष्ट्रसङ्घ लगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा पारस्परिक लाभका क्षेत्रमा सहकार्य गर्ने सहमति भयो।

भ्रमणका क्रममा तियानजिन नगरपालिकाको हुयिगुआन गाउँमा रहेको धानको पकेट क्षेत्र तथा चाउ एनलाई र डेंग यिङ्चाओ स्मारक सङ्ग्रहालयको पनि अवलोकन गर्नुभयो। भ्रमण दलमा उहाँकी धर्मपत्नी राधिका शाक्य, पूर्व उपप्रधानमन्त्री एवम् प्रतिनिधिसभा सदस्य पूर्णबहादुर खड्का, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्मा, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, चीनका लागि नेपालका राजदूत डा कृष्णप्रसाद ओलीलगायत नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरू सहभागी हुनुभएको थियो । विश्वकै ठूलो क्षेत्रीय सुरक्षा–आर्थिक सङ्गठनमध्ये एक मानिने यो सङ्गठनको शिखर सम्मेलन नेपालको उच्चस्तरीय उपस्थितिले नेपाल–चीन सम्बन्ध अझ मजबुत बनाउन र बहुपक्षीय सहकार्यमा नेपालको सक्रियता देखाउने महत्वपूर्ण अवसर सावित भएको छ। रासस

# ओलीको भारत भ्रमण तत्काल नहुने चर्चा



अशोक दाहाल

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमण तत्काल नहुने चर्चा चलेको छ। नाम उल्लेख नगरीकन भारतको 'द प्रिन्ट' डिजिटल पत्रिकाले सूत्रहरूलाई उद्धृत गर्दै ओलीको भारत भ्रमण भदौमा हुने सम्भावना नरहेको भन्दै विवरण प्रकाशित गरेपछि नेपालमा त्यसलाई लिपुलेकको विषयसँग जोडेर हेर्न थालिएको छ।

नेपाली अधिकारीहरूले भने भ्रमणको मिति तय हुन बाँकी नै रहेको बताएका छन्। एक पूर्वराजदूतले मिति तय नभएकै कारण प्रधानमन्त्रीको भारत भ्रमण तत्काल नहुने आशङ्का गर्नु हतार हुने टिप्पणी गरेका छन्।



'भारतीय विदेशसचिवज्यूले भ्रमणको निमन्त्रणापत्र हस्तान्तरण गरी फर्कनुभएको छ, भ्रमणका लागि अनुकूल मिति तय गर्ने काम हुँदै छ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बीबीसी न्यूज नेपालीसँग भने। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट प्रधानमन्त्री ओलीलाई भ्रमणको औपचारिक निम्तो दिन भारतका विदेशसचिव विक्रम मिस्री काठमाण्डू आएका थिए। मिस्रीले ओलीलाई भ्रमणको औपचारिक पत्र हस्तान्तरण गरेको भारतको विदेश मन्त्रालयले भदौ २ गते जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भ्रमणको मिति अनुकूल समयमा तय गरिने बताइएको थियो। नेपाली पक्षले ओली भदौ ३१ गते भारत जाने निश्चित भएको जनाएको थियो । ओली गत वर्ष असारमा पुनः प्रधानमन्त्री निर्वाचित भएका थिए। यो उनको तेस्रो कार्यकाल हो । पुनः सत्ताको नेतृत्वमा पुगेका ओलीले लामो समयसम्म भारत भ्रमणको निम्तो पाएका थिएनन्। यद्यपि उनको भारतीय प्रधानमन्त्री मोदीसँग न्यूयोर्क र ब्याङ्कक भेट भएको थियो।

ओलीलाई भारत भ्रमणको निम्तो दिएर मिस्री फर्किएलगत्तै भारत र चीनले लिपुलेक नाकालाई व्यापारिक मार्गका रूपमा 'पुनः खोल्ने' सहमति गरेको विवरण भारतीय विदेश मन्त्रालयले सार्वजनिक गरेको थियो।

### लिपुलेकका कारण चिसिएको सम्बन्ध

लिपुलेक नाकाबाट दुई देशको व्यापारिक मार्ग फेरि खोल्ने सहमतिबारे नेपालको परराष्ट्र मन्त्रालयले आपत्ति व्यक्त गरेको थियो। ओली अघिल्लो पटक प्रधानमन्त्री भएका समयमा नेपालले देशको राजनीतिक नक्सा संशोधन गरेर कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र त्यसमा समाविष्ट गरेको थियो। नेपाल र भारत दुवैले दाबी गर्ने भूभाग यद्यपि भारतको नियन्त्रणमा छ।

चिनियाँ विदेशमन्त्री वाङ यीको दिल्ली भ्रमणका क्रममा लिपुलेक नाका प्रयोगबारे भएको सहमतिपछि काठमाण्डूले लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूभाग भएको भन्दै प्रेस विज्ञप्ति जारी गरेको थियो। लगत्तै भारतीय विदेश मन्त्रालयले त्यसको प्रतिवाद गरेको थियो।

शाङ्घाई सहयोग सङ्गठन (एससीओ)मा भाग लिन गत साता तियान्जिन पुगेका प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी जिन्पिङसँगको भेटमा लिपुलेकबारे भारतसँग भएको सहमतिबारे ध्यानाकर्षण गराएका थिए। 'नेपाल जसरी आफ्नो भूमि कुनै मुलुकविरुद्ध प्रयोग हुन नदिने विषयमा स्पष्ट छ, त्यसै गरी आफ्नो भूमिका विषयमा अरू मुलुकले गर्ने सहमतिमा पनि उत्तिकै असहमति व्यक्त गर्छ,' प्रधानमन्त्रीको सचिवालयले जारी गरेको प्रेस नोटमा उल्लेख छ।

परराष्ट्रसचिव अमृत बहादुर राईलाई उद्धृत गर्दै जारी भएको नोटमा राष्ट्रपति सीले भारत र नेपालबीचको छलफलबाट यो विषयमा निष्कर्ष निस्कियोस् भन्ने धारणा सीले राखेको उल्लेख थियो। तर चिनियाँ पक्षले यसबारे आफ्नो औपचारिक धारणा सार्वजनिक गरेको छैन।

चीनले आफ्नो सुरक्षा रणनीति 'ग्लोबल सिक्युरटी इनिशटिभ (जीएसआई)मा नेपालले पनि समर्थन जनाएको उल्लेख गर्दै विज्ञप्ति जारी गरेपछि नेपालमा त्यसको विरोध भएको थियो। नेपाली अधिकारीहरूले त्यसको खण्डन गरेका थिए। चीनबाट फर्कने क्रममा परराष्ट्रसचिव अमृतबहादुर राईले नेपालले चीनको 'ग्लोबल डिभेलप्मन्ट इनिशटिभ'मा मात्रै सहभागी भएको बताएका थिए।

एससीओमा भाग लिन तियान्जिन पुगेका भारतीय प्रधानमन्त्री मोदीसँग पनि ओलीको भेट भएको थियो। भेटको तस्बिर सामाजिक सञ्जाल 'एक्स'मा पोस्ट गर्दै मोदीले भारत र नेपालबीचको विशेष सम्बन्धको चर्चा गरेका थिए।

'नेपालका प्रधानमन्त्री केपी ओलीसँग तियान्जिनमा भेट्न पाउँदा हर्षित छु । नेपालसँग भारतको गहिरो र विशेष सम्बन्ध छ,' मोदीले लेखेका थिए। त्यसमा प्रतिक्रिया जनाउँदै प्रधानमन्त्री ओलीले भारतसँगको बहुआयामिक सम्बन्धलाई नेपालले उच्च महत्त्व दिएको उल्लेख गरेका थिए।

'तियान्जिनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने अवसर पाउँदा आनन्द लाग्यो। भारतसँगको बहुआयामिक र गहिरो सम्बन्धलाई नेपालले उच्च महत्त्व दिन्छ,' ओलीले एक्समा लेखे।

### 'अहिले नै आशङ्का नगरौँ'

नेपालका पूर्वकूटनीतिज्ञ राजदूत राजेश्वर आचार्य भारतीय विदेशसचिव आउँदा अनुमानित मिति तय भइसकेको हुन सक्ने ठान्छन् । उनका अनुसार यद्यपि कतिपय भ्रमणका मितिहरू एक साताअघि मात्रै सार्वजनिक गर्ने अभ्यास पनि छ। 'म राजदूत हुँदा राष्ट्राध्यक्षहरूको भ्रमण चाहिँ अलि अगाडि नै तय हुन्थ्यो र करिब एक हप्ताअघि मात्रै मिति सार्वजनिक गरिन्थ्यो,' उनले भने। आचार्य चीनका लागि नेपाली राजदूत थिए।

'अहिले पनि निम्तो दिएर गइसकेपछि प्रक्रियागत कुराहरू मिलाउने उठाउनुपर्ने विषयवस्तुबारे आआफ्नो तवरबाट तयारी गर्ने।

त्यसको समय राखेर मिति तय गर्ने भनिएको होला ।' अमेरिकासँगको ट्यारिफ युद्धका कारण भारतीय प्रधानमन्त्री व्यस्त भएका कारण पनि मिति तत्काल सार्वजनिक नभएको हुन सक्ने उनको धारणा छ।

'तियान्जिनमा पनि उहाँहरूबीच भलाकुसारी भयो र भारतीय प्रधानमन्त्रीजीले गरेको ट्वीट पनि अर्थपूर्ण छ त्यस कारण अहिले शङ्का गरिहाल्नुपर्ने स्थितिमा पुगेको छ जस्तो मलाई लाग्दैन,' आचार्यले बीबीसी न्यूज नेपालीसँग भने । पूर्वराजदूत आचार्य प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपतिसँग लिपुलेकको विषय उठाएकै कारण 'भारत झस्किएको' आशङ्का गर्नु उचित नहुने बताउँछन्।

'इतिहासले छोडेका सुल्झाउन बाँकी तीतामीठा विषयबारे पनि उच्चस्तरीय भेटमा कुराकानी हुन्छन्,' उनी भन्छन्। 'त्यही कारण नै यो स्थगित होला वा पछि धकेलिएला भन्ने लाग्दैन।' तर प्रधानमन्त्रीस्तरीय भेटमा कस्ता विषय उठाउने भन्नेबारे अगाडि नै टोली पठाएर तयारी र छलफल गर्दा उपलब्धिपूर्ण हुने पूर्वराजदूत आचार्य बताउँछन्।

# लघु तथा साना जलविद्युत् टिकाउन व्यवसायिक व्यवस्थापन र आर्थिक पारदर्शिता अनिवार्यः मन्त्री खड्का



**ललितपुर ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले लघु तथा साना जलविद्युत्लाई दीर्घकालीन रूपमा टिकाइ राख्न व्यवसायिक व्यवस्थापन र आर्थिक पारदर्शिता अनिवार्य रहेको बताएका छन ।

राष्ट्रिय लघु तथा साना जलविद्युत् उपभोक्ता समाज नेपालको आज ललितपुरमा आयोजित आठौँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री खड्काले अप्ठेरा भूगोलमा विद्युत्त पुर्याउनाले सामाजिक, आर्थिक रुपान्तरणमा ठूलो योगदान पु¥याएको उल्लेख गर्दै रोजगारी सृजना हुने र जनताले स्मरण गर्न सक्नेगरी काम हुन सकोस् भन्नेमा जोड दिए ।

'देशका कुना–कन्दरासम्म, अप्ठेरा र दुर्गम भूगोलमा बिजुली पुर्याउने काम असाधारण उपलब्धि हो, यसका लागि यस समाजले खेलेको भूमिका र गतिविधि प्रशंसा योग्य छन्, हाल देशभर करिब दुई हजार सङ्घसंस्था तथा व्यक्ति संलग्न रही ४० मेगावाटभन्दा बढी लघु तथा साना जलविद्युत् परियोजनाबाट विद्युत् उत्पादन भइरहेको अवस्था छ, यो सराहनीय काम हो,' उनले भने ।

मन्त्री खड्काले जनताले आफ्नै सहभागितामा विद्युत् व्यवस्थापन गरेर अन्धकार हटाएको कार्य प्रशंसनीय रहेको भन्दै उपभोक्ता र समाजको योगदानलाई सम्मान गर्दै सरकारले निरन्तर सहयोग गर्दै आएको बताए । उनले लघु तथा साना जलविद्युतलाई अझ व्यवसायिक ढङ्गले अघि बढाउन जरुरी रहेकामा जोड दिए ।

'लघु तथा साना जलविद्युतलाई दिइएको ऋणलाई अनुदानजस्तो ठानेर वितरण गर्दा आर्थिक अनुशासनमा समस्या आउँछ, त्यसैले संस्थालाई व्यावसायिक मोडेलमा अघि बढाउन जरुरी छ, ऊर्जा क्षेत्रमा पछिल्ला वर्षमा नीतिगत सुधार भएका कारण दीगो र पारदर्शी प्रणालीतर्फ सरकार अघि बढिरहेको छ, सुशासन कायम गर्न सरकारले आक्रमक रूपमा काम गरिरहेको छ', मन्त्री खड्काले भने ।

सरकारले राष्ट्रिय प्रसारण ग्रीडलाई प्रत्येक स्थानीय तहसम्म पुर्याउने अभियानलाई प्राथमिकताका साथ अघि बढाइरहेको स्मरण गर्दै मन्त्री खड्काले २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने दीर्घकालीन लक्ष्य निर्धारण गरिएको तथा त्यसतर्फ सरकार तीव्र गतिमा अघि बढिरहेको जानकारी दिए ।

परिवर्तन गाउँपालिका रोल्पाका अध्यक्ष सुकबहादुर बुढा मगरले सङ्घीय सरकारले सङ्घीयतासँग जोडिएका धेरै कानुन नबनाएको कारण स्थानीय तहका एकल अधिकारका कानुन निर्माण गर्न समस्या रहेको भन्दै स्थानीय तहमा भइरहेका लघु तथा साना जलविद्युत्का सन्दर्भ छलफल र बहसकै माध्यमबाट निष्कर्षमा पुगेर काम गर्नुपर्ने अवस्था रहेको बताए । उनले लघु तथा साना जलविद्युतमा उपभोक्ता र राज्यको ठूलो लगानी रहेको भन्दै यसलाई दिगो व्यवस्थापन गर्ने कुरामा स्थानीय तहले ध्यान दिने बताए ।

राष्ट्रिय लघु तथा साना जलविद्युत् उपभोक्ता समाज नेपालका सल्लाहकार डिल्ली घिमिरेले लघु जलविद्युतका क्षेत्रलाई उकास्न सामुहिक आवाज र प्रयास आवश्यक रहेको बताए । उनले लघु जलविद्युत्मा ६० प्रतिशतभन्दा बढि लगानी समुदायको रहेको भन्दै यसलाई संरक्षण र उपयोगमा जोड दिए ।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ नेपालका अध्यक्ष नारायण ज्ञवालीले लघु जलविद्युत् गाउँगाउँमा सञ्चालन भएर सबैका घरघरमा विद्युत् पुग्न सफल भएको भन्दै सबैको योगदानका कारण ९८ प्रतिशत घरमा विद्युत्ीकरण हुन सफल भएको बताए । उनले दुःखको बेलाका सञ्चालन भएका साना जलविद्युत्लाई जोगाउन र टिकाउन सरकारले नीतिगत रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिए ।

ऊर्जा र वातावरणका लागि महिला सञ्चालका अध्यक्ष कला तिमल्सिनाले लघु जलविद्युत आयोजना र उपभोक्ताका समस्याका विषयमा निरन्तर बहस, छलफल तथा पैरवी चलाउन आग्रह रहेको बताए । उनले बालबालिकाको हेरचाह गर्दागर्दै पनि लघु जलविद्युतमा श्रमदान गरेका महिलालाई उपभोक्ता संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिमा प्रतिनिधित्व गराइनुपर्नेमा जोड दिए । राष्ट्रिय लघु तथा साना जलविद्युत् उपभोक्ता समाज नेपालका अध्यक्ष नारायणध्वज खड्काले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी वर्ष लघु तथा साना जलविद्युत् उपभोक्ता संस्थाको हितका लागि सञ्चालन गर्ने कार्यक्रमको बारेमा जानकारी गराए । देशभरि रहेका लघु जलविद्युत् संस्थाले उत्पादन गरेको विद्युत् ७० प्रतिशत जति खेर गइरहेको छ भन्दै उनले खेर गएको विद्युत्लाई सदुपयोग गर्नका लागि विद्युत् प्राधिकरणको राष्ट्रिय प्रणालीमा जडान गर्न अवश्यक सहयोग तथा समन्वय गरिने बताए । उनले उपभोक्ता संस्थाको संस्थागत विकास र दक्ष प्राविधिक तयार पार्नका लागि तालिम तथा क्षमता विकासका लागि उचित पहल गर्ने, लघु जलविद्युत्लाई हालसम्म सहयोग गर्दै आएका विकास साझेदार सङ्घ संस्थासँग समन्वयकारी भूमिकालाई अझ मझबुत बनाउँदै लैजाने संस्थाको कार्ययोजना रहेको धारणा राखे ।

वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका सदस्य मानबहादुर शाहीले स्थानीय उद्यमीको विकास र प्रवद्र्धनमा काम गरेको भन्दै वैकल्पिक ऊर्जाले स्थानीय तहमा समन्वय गर्न सक्ने उपयुक्त माध्यम लघु तथा साना जलविद्युत् उपभोक्ता हुन् भन्ने बताए । रासस

# इम्बोस्ड नम्बर प्लेट जडान नगरे तत्काल जरिवाना र कारवाही नगरिने




**काठमाडौं।**
भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले २०८२ असोज १ गतेदेखि इम्बोस्ड नम्बर प्लेट जडान नगरेको खण्डमा तुरुन्त जरिवाना हुने विषयलाई तत्काल रोकिएको बताएका छन्।

विहीबार प्रतिनिधि सभाको बैठकमा उनले इम्बोस्ड नम्बर प्लेट जडान सम्बन्धमा सम्पूर्ण सरकारी, निजी र सार्वजनिक सवारी साधनहरुमा क्रमश जोड्दै लाने निर्णय भएको तर मिति २०८२ असोज १ गतेदेखि जडान नगरेको खण्डमा तुरुन्त जरिवाना वा कारबाहीमा परिने भन्ने भ्रम समेत उत्पन्न भएको विषयमा तत्काललाई कुनै किसिमको दण्ड जरिवाना नगरिने स्पष्ट पारेका हुन्।

उनले भने, 'इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने भन्ने कुरा आइसकेपछि धेरै हल्ला भएकाले नम्बर प्लेट जडान सम्बन्धमा सम्पूर्ण सरकारी, निजी र सार्वजनिक सवारी साधनहरुमा क्रमश जोड्दै लाने निर्णय भएको छ । तर मिति २०८२ असोज १ गतेदेखि जडान नगरेको खण्डमा तुरुन्त जरिवाना वा कारबाहीमा परिने भन्ने भ्रम समेत उत्पन्न भएको विषयमा तत्काललाई कुनै किसिमको दण्ड जरिवाना नगरिने व्यहोरा समेत स्पष्ट पारिएको छ।'

यस्तै, उनले आफूलाई अनुकुल भएको समयमा सवारी दर्ता भएको यातायात कार्यालयमा गएर इम्बोस्ड नम्बर प्लेट जडान गरि डिजिटलाइजेशनको कार्यमा सहयोग गर्न समेत सबैलाई अनुरोध गरेका छन्। साथै, उनले प्रदेश कार्यालयबाट जडानमा सहजताको लागि उक्त कार्यालयमा पूर्वाधार र जनशक्तिको व्यवस्था गरिएको एवम सेवाग्राही तथा सवारी धनीहरुको सहजताको लागि आवश्यकता अनुसार थप प्रबन्ध समेत गर्दै लागिएको पनि जानकारी दिए। रासस

# राजनीति ठिक हुने वित्तिकै देशले उन्नती र प्रगती गर्न सक्छः सभामुख



**काठमाडौं।**
सभामुख देवराज घिमिरेले देश निर्माण गर्ने सबैभन्दा महत्वपूर्ण क्षेत्र राजनीति भएको बताएका छन्।

बिहीबार काठमाडौंमा पूर्वसांसद मञ्च नेपालको २६ औं स्थापना दिवसको आयोजित कार्यक्रममा उनले राजनीति ठिक हुने वित्तिकै देशले उन्नती, प्रगती गर्नसक्ने भन्दै देश निर्माण गर्ने सबैभन्दा महत्वपूर्ण क्षेत्र राजनीति भएको बताए।

उनले भने, 'एउटा साँचो कुरा के हो भने देश निर्माण गर्ने सबैभन्दा महत्वपूर्ण क्षेत्र भनेको राजनीति नै हो। राजनीति ठिक हुने वित्तिकै देशले उन्नती, प्रगती गर्न सक्छ । अन्वेशण गर्न सकिन्छ र त्यसलाई प्रयोग गरेर अगाडि बढ्न सक्छ । तर राजनीति ठिक खालको हुन सकेन भने सबै क्षेत्रलाई त्यसले प्रभाव पार्छ। जुन कुरा हामीले पनि भोगेर आएका छौ।'

यस्तै, उनले संसदले कामहरु कसरी गरिरहेको छ, कसरी गर्नुपर्छ र राजनीतिलाई कसरी अगाडि बढाउँदा प्रभावकारी हुन्छ भन्ने खालको जिम्मेवारी यो मञ्चले सम्हालेको भन्दै आगामी दिनमा पनि यसरी जान आग्रह गरेका छन्।

उनले भने, 'यो राजनीति क्षेत्रले अहिले भइरहेको नेपालको संविधान, संविधानले राखेका राज्य र त्यसले गरेका कामहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा सरकार, कानून निर्माण गर्ने संसद र सरकार सञ्चालन गर्नेले कामहरु कसरी गरिरहेको छन्, कसरी गर्नुपर्छ र राजनीतिलाई कसरी अगाडि बढाउँदा प्रभावकारी हुन्छ भन्ने खालको जिम्मेवारी तपाइँहरुले सम्हाल्नु भएको छ र आगामी दिनमा पनि यसरी जान आग्रह गर्न चाहन्छु।'

पूर्व सांसदहरुलाई कुनै न कुनै खालको औषधी उपचारको सानो व्यवस्था राज्यको तर्फबाट कसरी गर्न सकिन्छ यसमा वर्तमान सरकार, मन्त्री र प्रधानमन्त्रीहरुको ध्यान कसरी तान्ने भन्ने तर्फमा लागेको पनि उनको भनाई छ।

सोही कार्यक्रममा उपसभामुख इन्दिरा राना मगरले एकपटक सांसद पद गएपछि उनीहरुलाई बिर्सिने होईन्, उनीहरुले देशलाई दिएको बलिदान याद राख्नुपर्ने बताइन्।

उनले भनिन्, 'हाम्रो लोकतन्त्रमा राम्रा कुरा हुन्छन् भनेर हामी भन्छौं। तर राम्रो कुरा भनेको व्यवहारमा लागू गर्न सकेका छौ। त्यसैले राम्रो गर्न खोज्नुपर्छ। एकपटक सांसद पद गएपछि विर्सिन मिल्दैन् । मैले पहिलादेखि यो कुरा उठाउने गरेको छु। रासस

# प्रतिनिधिसभामा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहिवारको बैठकको शून्य समयमा सांसदहरुले बाढीपहिरो, महँगी, भ्रष्टाचार, उखु किसानलगायतका मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन ।



सांसद अब्दूल खाँनले परनिर्भरता भन्दा पनि देशलाई आत्मनिर्भर बनाउनेतर्फ केन्द्रित हुन राजनीतिक दल तथा दलका नेताहरुलाई अपिल गरे ।

उनले भने, 'बाह्य देशबाट आयातित वस्तुको कारणले गर्दा नेपाली उत्पादनकर्ता समस्यामा परिरहेका छन्, अहिले केरा उत्पादनकर्ता किसानाले भारतीय बजारबाट आएको केरा बेच्नु परेको छ, त्यसैले सबैभन्दा पहिला हामी आत्मनिर्भर बन्न जरुरी छ ।'

सांसद अम्मरबहादुर थापाले दैलेख जिल्लाका विभिन्न ठाउँमा बाढीपहिरोका कारण घर भत्किँदा समस्या भएको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद अमरबहादुर रायमाझीले भने, 'सरकारले असोज १ गतेदेखि अनिवार्य रुपमा लागू गर्ने भनिएको इम्बोस्ड नम्बर प्लेट जडान गर्ने सम्बन्धमा आम नागरिकको गुनासो आइरहेको छ, यसको पर्याप्त मात्रामा तयार भएको छैन ।'

सांसद अर्जुननरसिंह केसीले उखु किसानको भुक्तानी, सरकारी अनुदान कटौती, कम मूल्य, मलखातको अभाव लगायतका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद आस्माकुमारी चौधरीले भूमिहीन, दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या जतिसक्दो चाँडो समाधान गर्नुपर्ने माग गरिन । सांसद ईश्वरीदेवी न्यौपानेले सरकारले निजी विद्यालयलाई नियमन गर्नेभन्दा पनि सरकारी विद्यालयको शिक्षाको गुणस्तरमा ध्यान दिनुपर्नेमा जोड दिईन ।

सांसदहरु सांसद ईश्वरी घर्ती, उर्मिला माझी, उदयशमशेर जबरा, ईश्वरबहादुर रिजाल, कान्तिका सेजुवाल, एकनाथ ढकाल, कृष्णकुमार श्रेष्ठ, डा अमरेशकुमार सिंह, कुसुमदेवी थापा, गङ्गाप्रसाद यादव, डा चन्द्रकान्त भण्डारी, चन्द्रबहादुर विश्वकर्मा, ज्वालाकुमारी साह, कालुराम राई, अमृतादेवी अग्रहरि, जुलीकुमारी महतो, अमनलाल मोदी र अच्युतप्रसाद मैनालीले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए ।रासस

# 'सहकारी क्षेत्रलाई व्यवस्थित गर्न ऐन संशोधन हुन्छ'

**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी क्षेत्रलाई थप व्यवस्थित गर्न 'सहकारी ऐन, २०७४' लाई संशोधन गरिने बताएका छन ।

सहकारी पत्रकार समाजको १५औँ स्थापना दिवसका अवसरमा बिहिवार यहाँ आयोजित पुरस्कार वितरण समारोहमा उनले कानुनी समस्या नहुने गरी सहकारी क्षेत्रलाई अनुशासित र व्यवस्थित गर्न आवश्यक परेकाले समयसापेक्ष रूपमा परिवर्तन गरिने धारणा राखे ।

सहकारी ऐन संशोधन भएपछि सोहीअनुसार कार्यविधि पनि बनाइने मन्त्री अधिकारीले जानकारी दिए ।

सहकारी क्षेत्रमा समस्या आएपछि त्यसलाई व्यवस्थित गर्न सहकारी नियमन प्राधिकरण, कर्जा असुली न्यायधीकरणलगायत संरचना बनिसकेको बताउँदै उनले बाँकी संरचना पनि बनाउने क्रममा रहेको मन्त्री अधिकारीले जानकारी दिए ।

सहकारी महासङ्घका अध्यक्ष ओमदेवी मल्लले सहकारीबाट व्यापार, व्यवसाय गर्न ऋण लगेकाले नतिरेकै कारण समस्या आएको बताउँदै कसरी पैसा उठाउने भन्नेतिर पनि सरकारको ध्यान जानुपर्ने धारणा राखे । सहकारीले सकारात्मक काम पनि गरेकाले नकारात्मक विषय सच्याउँदै जानुपर्ने उनको भनाइ छ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कून)का अध्यक्ष चन्द्रप्रसाद ढकालले संसदीय छानबिन समितिले दिएको सुझावअनुसार सहकारी नियमन प्राधिकरण बनेपछि सहकारी क्षेत्रमा सुधार हुने आशा गरिएको बताए । उनले एक वर्ष बित्न लाग्दा पनि अधिकांश काम नभएर असन्तुष्टि आउन थालेकाले कामलाई तीव्रता दिन अनुरोध गरे । प्राधिकरणबाट नयाँ निर्देशन पनि आउने गरेपनि अझै बचत ऋणको स्पष्ट परिभाषा भने हुन नसकेको उनको विचार थियो ।

कार्यक्रममा सहकारी क्षेत्रमा योगदान गर्ने विभिन्न व्यक्तित्वलाई सम्मान एवं पुरस्कृत गरिएको थियो । रासस

# बन्दीपुरका धानबालीमा ब्लाष्ट रोग देखियो



**तनहुँ ।**
यहाँको बन्दीपुर गाउँपालिका–१ नाहालास्थित धानबालीमा मरुवा (ब्लाष्ट) रोग देखा परेको छ । नाहालामा लगाइएको धानबालीको अनुगमनका क्रममा उक्त रोग देखिएकाले समयमा सतर्कता अपनाउन कृषकलाई अनुरोध गरिएको छ ।

धानबालीसम्बन्धी कुनै समस्या देखा परेमा तुरुन्त कृषि प्राविधिक वा कृषि विकास शाखामा सम्पर्क गर्न कृषकलाई आग्रह गरिएको गाउँपालिकाका कृषि शाखाका प्राविधिक सहायक दिनेश सुवर्णकारले बताए । उनका अनुसार ब्लाष्ट रोग धानका बाला तथा बेर्नामा लाग्ने एक प्रकारको ढुसीजन्य रोग हो ।

धानबालीमा लाग्ने प्रमुख रोगहरू मध्यको यो एक भएको बताउँदै उनले भने, 'यो रोगले ब्याडका बेर्ना मार्ने तथा धानका बालालाई सुकाउने गर्छ । जुन, सन् १९६६ मा पहिलो पटक देखिएको थियो ।' यो रोग बिउबाट पनि सर्ने भएकाले अघिल्लो वर्ष रोग देखिएका ठाउँका बिउ उपचार नगरी वा रोगी बिरुवा प्रयोग गर्दा फैलिएको हुनसक्ने उनको भनाइ छ ।

कृषि प्राविधिक सुवर्णकारले भने, 'रोग लागेका धानबालीको पातमा स–साना सेतो टिका जस्तो देखिने दाग, बीचमा भएका खैरा थोप्ला देखा पर्ने तथा फलेको धानमा बाला तलतिर डाँठको वरिपरि वा आख्लामा खैरो रङको दागहरू देखिने र बाला मर्ने समस्या देखा पर्दछ । ढुसीले अनुकूल भएको समयमा विभिन्न भागमा विस्तारै गोलो, लाम्चो आँखा जस्तै आकार बनाउँछ र बीचमा खरानी रङ तथा बाहिर खैरो रङ भएका थोप्लाहरू देखा पर्दछन् ।'

उक्त समस्याबाट धानबालीलाई जोगाउन गत वर्ष रोग नदेखिएको मूल बिउबाट मात्र बिउको छनोट गर्नुपर्ने, पर्याप्त घाम लाग्ने ठाँउमा राम्रोसँग हिलो बनाएर बिउ राख्ने, नुनपानीको सहायताले बिउबाट भुस छान्नेलगायत काम गर्न सकिने उनले सुझाव दिए ।रासस

# तरकारी खेतीबाट वार्षिक तीन लाख बचत



**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–८ नौखरीका किसान महादेव चौधरीले दुई दशकदेखि निरन्तर तरकारीखेतीमार्फत जीविकोपार्ज गर्दै आएका छन । सामान्य लेखपढ गर्न पनि नगरेका चौधरी अहिले गाउँका एक सफल व्यवसायिक किसानका रूपमा परिचित छन । कमैया प्रथा अन्त्य भएसँगै सरकारले पुनःस्थापनाका क्रममा उपलब्ध गराएको पाँच कठ्ठा जग्गामा उनले तरकारीखेती सुरु गरेका हुन ।

पछि थप १० कठ्ठा जग्गा भाडामा लिएर खेती विस्तार गरेको चौधरीले बताए । अहिले उनको बारीमा लौका, फर्सी, काँक्रो, करेलालगायत मौसमी तरकारी उत्पादन भइरहेका छन् । मौसमी तथा र बेमौसमी दुवै किसिमका तरकारीखेती हुने उनको भनाइ छ ।चौधरीले काउली, गोलभेँडा, भण्टा, खुर्सानी, आलु, बोडीलगायत खेती गरिरहेको बताउँदै तरकारीका बेर्ना पनि बिक्री गरी आम्दानी लिइरहेको उल्लेख गरे । 'बाल्यकालमा जमिन्दारको बाख्रा र गोरु चराउन थालेँ, ठूला भएपछि कमैया बसेर हलो जोत्न थालेँ, विद्यालय कस्तो हुन्छ थाहै भएन', उनले भने, 'दातृ निकायले सञ्चालन गरेको कृषि तालिममा सहभागी हुने अवसर पाएपछि जीवनमा परिवर्तन आएको हो । तालिममा पाएको ज्ञानले तरकारीखेतीलाई व्यवस्थित रूपमा सुरु गरेको हुँ ।'

तरकारीखेतीबाट जीविकोपार्जन भइरहेको भन्दै उनले वार्षिक तीन लाख रुपैयाँ बचत हुने जनाए । चौधरीले यही आम्दानीले परिवारको सम्पूर्ण खर्च सञ्चालन भइरहेको बताए । उनले भने, 'जीविकोपार्जनका लागि अरुको मुख ताक्नुपरेको छैन, खेतीकै आम्दानीबाट सहज रूपमा परिवार पाल्न सकिएको छ ।'

कमैया बस्दा विवाह गरेका चौधरीलाई परिवार पाल्ने ठूलो चुनौती थियो । तरकारीखेतीलाई आधार बनाएर उहाँले जीवनलाई नयाँ मार्ग दिए । 'यसकै आम्दानीबाट पक्की घर निर्माण गरेका छौँ । छोराका लागि अटो खरिद गरेर दिएको छु । सोही अटोमार्फत बजारसम्म तरकारी ढुवानी गर्ने र भाडामा काम भइरहेको छ', उनले भने ।

खेतीका लागि चौधरीले सरकारबाट अनुदानमा पावरटिलर प्राप्त गर्नुभयो । सिँचाइ सुविधा बढाउन बोरिङ राखेको बताउँदै उहाँले यसले खेती उत्पादनमा सहयोग पुगेको धारणा राखे । 'तरकारीखेतीमा मेहनत गरे पनि कहिलेकाहीँ भारतीय तरकारीसँग प्रतिस्पर्धा गर्नुपर्छ', उनले भने, 'भारतबाट सस्तो तरकारी आउँदा लागत पनि नउठ्ने गरी बेच्नुपर्ने अवस्था आउँछ ।' यसले किसानलाई निरुत्साहित बनाउने गरेको उनको दुखेसो छ ।

अग्र्यानिक उत्पादनमा जोड दिएर बजारमा छुट्टै पहिचान कायम गर्ने लक्ष्य बनाएको चौधरीको भनाइ छ । उनलाई अहिले गाउँमा 'मिहिनेती किसान' भनेर चिन्छन् । उनि खेतीमा मात्रै सीमित नभई गाउँलेलाई आधुनिक कृषि पद्दति अपनाउन प्रेरित पनि गर्दै आएका छन ।

स्थानीय किसान विपदराम चौधरीले भने, 'महादेवले गरेको मेहनत हामी सबैका लागि प्रेरणा हो । खेतीबाटै जीवन धान्न सकिन्छ भन्ने प्रेरणा उनिबाटै लिएर हामी पनि तरकारीखेतीमा आबद्ध भएका छौँ ।'

दुई दशकअघि जमिन्दारको गोरु चराउने काममा सीमित रहेका चौधरी आज आफ्नो मेहनत, लगनशीलता र निरन्तरताले सफल व्यवसायिक किसान बनेका स्थानीय जगरनाथ चौधरीले बताए ।रासस

# भारतद्वारा जीएसटीको दरमा कटौतीः नेपालमा तस्करी बढ्ने चिन्ता




**काठमाडौं ।**
भारत सरकारले वस्तु तथा सेवा कर (जीएसटी) मा ठुलो मात्रामा कटौती गरेसँगै नेपालमा तस्करी बढ्ने सक्ने भन्दै उद्योगी व्यवसायीमा चिन्ता बढेको छ ।

भारत सरकारले सिमेन्ट र स्टिलमा लगाउँदै आएको जीएसटी कर २८ प्रतिशत बाट १८ प्रतिशतमा झारेको छ । यसले भारतीय बजारमा सिमेन्ट र स्टिलको मूल्य घट्ने र त्यसले नेपाली बजारमा तस्करी बढ्नसक्ने साथै नेपाली उत्पादन विक्री नहुने खतरा बढेको भन्दै उद्योगीहरुमा तनाब बढाएको हो ।

'नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारुले भारत सरकारले एकैपटक १० प्रतिशत जीएसटी घटाउनुले नेपाली उद्योगमा ठुलो असर पर्ने बताए । भारतमा अब सिमेन्ट, डन्डी, लगायत धेरै बस्तुहरुको मूल्य घट्ने भएको छ,' उनले भने । 'भारतसँग हाम्रो खुला सिमाना छ, त्यसकारण भारतमा भारतबाट चोरी निकासी र तस्करी बढ्न सक्ने देखिन्छ । यसले नेपाली उद्योगहरुले उत्पादन गरेका बस्तु विक्री नहुने र उद्योगीहरु घाटामा जान सक्ने खतरा देखिएको छ ।'

भारत सरकारले घरेलु खर्च बढाउन र भारतीय सामानहरूमा लगाइएको अमेरिकी करको आर्थिक प्रहारलाई कम गर्न खोजेको छ ।

भारतले हालको ५, १२, १८ र २८ प्रतिशत करलाई ५ प्रतिशत र १८ प्रतिशतको दुई–दर संरचनामा घटाएको छ । यद्यपि, उच्च–अन्तका कार, सुर्ती र चुरोट जस्ता केही चुनिएका वस्तुहरूको लागि विशेष ४० प्रतिशत कर प्रस्ताव गरिएको छ ।

पान मसला, गुट्खा, चुरोट, जर्दा, सुर्ती र बिडी जस्ता चपाउने सुर्तीजन्य उत्पादनहरू बाहेक सबै उत्पादनहरूको लागि नयाँ दरहरू सेप्टेम्बर २२ देखि लागू हुनेछन् ।

यस्तै भारतले विभिन्न प्रकारका खाद्य बस्तुहरुमा समेत कर घटाएको अवस्था छ । सबै प्रकारका चपाती र पराठामा हालको ५ प्रतिशतको दरबाट शून्य कर लगाउने घोषणा भारत सरकारको छ । यस्तै दूध, पनीर, पिज्जा ब्रेडमा पनि कर दर ५ प्रतिशतबाट घटाएर शून्य गरिएको छ ।

बटर र घिउदेखि सुक्खा बदाम, कन्डेन्स्ड मिल्क, ससेज र मासु, मिठाई, जाम र फलफूल, नरिवलको पानी, नमकीन, २० लिटरको बोतलमा प्याक गरिएको पिउने पानी, फलफूलको पल्प वा फलफूलको रस, दूध, आइसक्रिम, पेस्ट्री र बिस्कुट, मकैको फ्लेक्स र अन्न, र चिनी मिठाई भएको पेय पदार्थ, कर दरमा हालको १८ प्रतिशतबाट ५ प्रतिशत कटौती गरिएको छ । बोसो र चीजमा पनि जीएसटी १२ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झारिएको छ ।

बिरुवामा आधारित दुग्ध पेय पदार्थको जीएसटी दर पहिले १८ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झारिएको छ भने दूध पेय पदार्थको दर पनि १२ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झारिइएको छ । रासस

# लम्पी स्किन रोगका कारण पूर्वी मोरङका किसान पीडित

**मोरङ ।**
पशुमा देखिएको लम्पी स्किन रोगका कारण पूर्वी मोरङका किसान पीडित भएका छन् । यस रोगले गाईलाई बढी प्रभावित बनाएको किसानहरूले बताएका छन् ।

जेठको अन्तिम हप्ता बाट सुरु भएको यो महामारी अझै नियन्त्रणमा आउन सकेको छैन् ।

लम्पी स्किन रोग गाईहरूमा बडी देखिएपछि दूधको उत्पादनमा पनि कमी आएको छ भने गाई र साना बाछाको मृत्युदर वडी रहेको छ ।

यो रोगलाई समयमा नियन्त्रण नगरे गाई पालन व्यवसायमै ठुलो नोक्सानी हुने पशु चिकित्सकले बताएका छन् ।

जेठको अन्तिम हप्ता देखि नै मोरङका गाईमा लम्पी स्किनको लक्षण देखिएको थियो । असारको अन्तिम सातातिर मोरङका अधिकांश पालिकामा यो रोग फैलिएको थियो ।

विभिन्न पालिकाले यो रोग नियन्त्रणका लागी खोप कार्यक्रम सुरु गरे पनि प्रभावकारी रुपमा रोग नियन्त्रणमा नआउदा किसानहरु चिन्तित भएका छन् ।

यो रोगबाट कति पशु प्रभावित भए भन्ने यकिन तथ्याङ्क आइसकेको छैन । रोग फैलिएको दुई महिना भन्दा वडि समय हुदा पनि रोग नियन्त्रणमा नआउदा किसानमा त्रास फैलिएको पथरीका किसान विदुर आपागाई बताउछन् ।

पूर्वी मोरङको पथरीशनिश्चरे, उर्लाबारी, कानेपोखरी र लेटाङका र विराटनगर र बुढीगंगा गाँउ पालिकाका किसानले पालेका गाईहरूमा लम्पी स्किन रोगको प्रकोप देखिएको पशु प्राविधिकहरू बताउँछन् ।

३ वर्ष अघि यो रोग यिनै पालिकामा सवै भन्दा धेरै फैलिएको थियो । त्यस पछि विभिन्न पालिकाका पशुपन्छी शाखाले खोप कार्यक्रम सन्चालन गरेका थिए ।

कोशी प्रदेश पशुपन्छी निर्देशनालयका अनुसार कोशी प्रदेशको झापा र मोरङ्गका पालिकामा लम्पीको प्रकोप देखिएको र नियन्त्रणका लागी प्रयास भइरहेको छ ।

लम्पी रोग लागेपछि गाईले दूध दिन छोड्ने वा कम दिने गरेको पशु रोग चिकित्सकहरूको भनाइ छ । लम्पी स्किन रोग देखिएका गाईमा घाँटी, पुच्छ्र वरिपरिको भाग, पेट, थुनलगायत शरीरका विभिन्न भागमा साना,ठुला गिर्खा देखिने, गिर्खा घाउ बन्ने र घाउ फुटने, तरल पदार्थ बग्ने गरेका ती गाईमा १०५ डिग्रीभन्दा उच्च ज्वरो आउने, कचेरा र सिँगान बग्ने तथा मुखबाट फिँज धेरै निकाल्ने, ८० प्रतिशतसम्म दूध उत्पादन घटने, बाँझोपन हुने, ४५ प्रतिशत गाईभैंसी बिरामी पर्ने र १० प्रतिशतसम्म मृत्युदर हुने पशु पन्छी शाखा पथरीशनिश्चरेले जनाएको छ । यो विशेष गरी गाईमा पक्स भाइरस (विषाणु) समूहको लम्पी स्किन भाइरसले लाग्ने रोग हो ।

यो रोग विगतमा अफ्रिकी महादेशमा मात्रै सीमित थियो ।

सन् २०१२ पछि यो रोग पूर्व, दक्षिण पूर्वी युरोप, रुस, काजकिस्तानलगायत हुँदै सन् २०१० मा बङ्गलादेश र चीन तथा सन् २०१९ को अन्तातिर भारतमा समेत देखा परेको र २०२१ वाट भने नेपालमा समेत देखा परेको थियो ।

मोरङ्ग जिल्लामा नेपालमै पहिलो पटक यो रोग देखापरेको पशुपन्छी रोग अन्वेषण केन्द्र विराटनगरले जनाएको छ । रासस

# अफगानिस्तानको भूकम्पमा ज्यान गुमाउनेको सङ्ख्या १४ सय पुग्यो

**काठमाडौं ।**
आइतवार पूर्वी अफगानिस्तानको कुनार प्रान्तको नुरगल जिल्ला केन्द्रबिन्दु भएर गएको शक्तिशाली भुकम्पमा ज्यान गुमाउनको सङ्ख्या १४ सय पुगेको छ ।

६ रेक्टर स्केलको उक्त भुकम्पका कारण हाल सम्म ३ हजार ५०० भन्दा बढी मानिस घाइते भएको अधिकारीहरूले जनाएका छन् । यस भूकम्पले करिब ५ हजार ४०० घर ध्वस्त बनाउँदै हजारौंलाई घरबारविहीन बनाएको छ, जसलाई पछिल्लो इतिहासकै सबैभन्दा प्राणघातक प्राकृतिका विपत्तिहरूमध्ये एक मानिएको छ ।



केन्द्रबिन्दुबाट करिब ६० किलोमिटर टाढा रहेको नंगरहार सैनिक विमानस्थलका हेलिकप्टर र एम्बुलेन्समार्फत घाइतेहरूलाई अस्पताल पु¥याइएको छ । खालिद इब्न वालिद कोप्रसका प्रवक्ता वाहिदुल्लाह मोहम्मदीले सैन्य तथा नागरिक निकायका टोलीहरू उद्धार कार्यका लागि परिचालन गरिएको जानकारी दिए ।

उद्धारमा बाँच्न सफल भएका स्थानीयले भयानक अनुभव सुनाए । "आज मैले आमासँगै फुपु र उनकी छोरीलाई गुमाएँ । केही हामी घाइते भयौं, र अल्लाहको कृपाले मात्र बाँचेका छौं," एक गाउँलेले भने । अर्कोले थपे, "यो मेरो जीवनकै सबैभन्दा डर लाग्दो अनुभव हो । म कहिल्यै पनि यति आतंकित भएको थिइनँ ।"

भूकम्पको क्षति कुनारमा मात्र नभई नुरिस्तान, पञ्जशिर, लगमान र नंगरहार प्रान्तका केही भागहरूमा समेत भएको छ । ग्रामीण पुनःस्थापना तथा विकास मन्त्री मुल्ला मोहम्मद युनुस अखुन्दजादाले भने, "हामी अहिले कुनारको अवस्थासँग जुधिरहेका छौं, तर छिमेकी प्रान्तहरूमा पनि मृत्यु र घाइते भएका खबर आएका छन् ।"

उद्धार कार्यमा सडक अवरुद्ध भएको कारण कठिनाइ भोगिएको छ । अफगान रेड क्रस सोसाइटी कुनारका प्रमुख अब्दुल लतिफ साबेतले सडक खुलाउने प्रयास भइरहेको र त्यसले उद्धार कार्यलाई सहज बनाउने बताए ।

तालिबान सत्तामा आएपछि अफगानिस्तानमा अन्तर्राष्ट्रिय मानवतावादी संस्थाहरूको उपस्थिति घटेको भए पनि अधिकारीहरूले केही संगठनले सहयोगको आश्वासन दिएको जनाएका छन् ।

अफगानिस्तानले पछिल्ला वर्षहरूमा लगातार प्राणघातक प्राकृतिका विपत्तिहरू भोगिरहेको छ । सन् २०२३ मा हेरात भूकम्पमा १४ सय भन्दा बढी र सन् २०२२ मा पाक्तिका भूकम्पमा १ हजार भन्दा बढी मानिसको मृत्यु भएको थियो । यसपटकको दुर्घटनाले पुनः देखाएको छ कि अफगानिस्तान संसारकै अत्यधिक भूकम्पीय जोखिमयुक्त क्षेत्रमा पर्छ । सीसीटीभी

# ‘इको म्युजियम’को प्रचार प्रसार आवश्यक




**मुस्ताङ।**
यहाँको घरपझोङ गाउँपालिका–३ स्थित पुथाङ विमानस्थल नजिकै पाखोमा ‘मुस्ताङ इको म्युजियम’ सञ्चालनमा छ । जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) र राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को संयुक्त लागत साझेदारीमा यहाँ सन् १९९७ मा ‘म्युजियम’ स्थापना गरिएको हो।

सुरुआती चरणमा जाइकाले एक्याप जोमसोमलाई म्युजियमको स्वामित्व हस्तान्तरण गरेको थियो । एक्यापले सञ्चालनको जिम्मा पुथाङ आमा बहुउद्देश्यीय सहकारी संस्थाको टोलीलाई जिम्मा दिएको थियो। दुई तल भवनमा सञ्चालनमा रहेको यो म्युजियम विसं २०७२ को महाभूकम्पले क्षति तुल्याएको थियो। त्यसपछि सात वर्षसम्म म्युजियम बन्द भयो । पुनःनिर्माण हुन नसकेपछि एक्यापले विसं २०७६ घरपझोङ गाउँपालिकालाई स्वामित्व हस्तान्तरण ग¥यो । गाउँपालिकाले भौतिक संरचनालाई पुनः निर्माण गरेको थियो। तत्पश्चात् गाउँपालिकाले पुथाङ आमा बहुउद्देश्यीय सहकारी संस्थालाई नै वार्षिक ५० हजार भाडा बुझाउने गरी जिम्मा दिएको छ । हाल संस्थाले दुई जना कर्मचारी राखेर म्युजियम सञ्चालन गरिरहेको त्यहाँ कार्यरत नारायणी गुरुङले जानकारी दिए । उचित व्यवस्थापनको अभावमा स्थापनाको २८ वर्ष पुग्दा म्युजियम ओझेलमा पर्न थालेको उनको भनाइ छ।

व्यवस्थापन र आवश्यक प्रचार प्रसारको अभावमा अपेक्षा गरिएअनुरुप पर्यटक भित्र्याउन नसकिएको धेरैको गुनासो छ। बर्सेनि वैशाख, जेठ, असोज र कात्तिक महिनामा भने यहाँ आउनेको सङ्ख्या केही बढ्ने गरेको गुरुङले बताए।

‘केही प्रयास नभएका होइनन्, म्युजियमको विशेषता झल्काउने ‘ब्रोसर’ निर्माण गरी पर्यटन व्यवसायीलाई वितरण गरिएको छ । विभिन्न खोजअनुन्धानकर्ताका लागि उपयोग हुने खालका सामग्रीहरू व्यवस्थित गरिएका छन् । म्युजियमभित्र मुस्ताङ जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र भौगोलिक विशेषता झल्काउने सामग्रीहरु राखिएका छन’, गुरुङले भने,‘यहाँको कृषि, पर्यटन, जैविक विविधतासँगै प्राकृतिक जडीबुटी, खनिज तथा वनस्पति, शालग्राम शिला, लाइब्रेरी, वेशभूषा र फोटो ग्यालरी राखिएका छन् । अब यसको व्यापक प्रचारको खाँचो छ।’

यसैगरी, यहाँ मुस्ताङको प्राचीन धर्मसंस्कृति झल्काउनेदेखि एकाइ कावागुचीका तस्बिर तथा अभिलेख सङ्ग्रहित गरिएका छन् । एउटै छातामा समग्र मुस्ताङ जिल्लाको विषयवस्तु थाहा पाउन सकिने भएकाले यहाँको इको म्युजियम मुस्ताङ भ्रमण गर्ने पर्यटकका लागि आभदायी हुने स्थानीयहरू बताउँछन्।

आवश्यक प्रचार प्रसार गर्न सके मुक्तिनाथ दर्शन गर्न आउने र उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकहरू इको म्युजियम हेर्न आउने अवस्था बन्ने छ।

पछिल्लो समय पुथाङ विमानस्थल नजिक दक्षिण÷पश्चिमको १६ रोपनी भिरालो स्थामा रहेको यस इको म्युजियमसम्म जान गाउँपालिकाले रेलिङसहितको सिँढी, बाटो र स्वागत गेट निर्माण गरेको छ। म्युजियमको परिसरमा स्याउलगायत सल्ला, धूपीका बिरुवा रोपण गरिएका छन् । पुथाङ विमानस्थलबाट पैदलै १० मिनेटमा पुग्न सकिने अवस्था छ।रासस

# मानव बेचबिखन तथा ओसारपसारका घट्ना बढ्दै

**काठमाडौँ।**
मानव बेचबिखन तथा ओसारपसारका घटना बढ्दै गएका छन् । महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपाल प्रहरीले १२७ जना पीडित÷प्रभावितलाई विदेश र स्वदेशका विभिन्न स्थानवाट उद्धार गरेको छ।

दशवटा जिल्लामा रहेका पुनस्थापना केन्द्रहरूमार्फत ७५८ र सोही जिल्लाका विभिन्न सङ्घसंस्थामार्फत दुई हजार ७३२ जना गरी जम्मा तीन हजार ४९० जना पीडित÷प्रभावितको उद्धार र पुनःस्थापना गरिएको मन्त्रालयले बुधबार सार्वजनिक गरेको ‘मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०८१’ मा उल्लेख छ।

यसैगरी, नेपाल–भारत सीमा नाकालगायत विभिन्न स्थानमा रहेका सङ्घसंस्थाका सूचना केन्द्रहरूले सीमा सुरक्षा तथा चेक प्वाइन्टमा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका निकायको सहयोगमा दुई हजार ७६६ जना (६४ दशमलव तीन प्रतिशत) महिला, एक हजार ४३६ जना (३३ दशमलव चार प्रतिशत) बालिका, १५ जना (शून्य दशमलव चार प्रतिशत) पुरुष र ८३ जना (एक दशमलव नौ प्रतिशत) बालक गरी जम्मा चार हजार ३०० जनालाई मानव बेचबिखन तथा ओसारपसारका लागि जोखिम भनी प्रारम्भिक पहिचान गरी उद्धार र फिर्ती गरिएको मन्त्रालयले जनाएको छ।

ती सूचना केन्द्रहरूले कुल ७७ हजार ५०० जनालाई मानव बेचबिखन र मानव तस्करीका विरुद्धमा परामर्श सेवा प्रदान गरेको मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले जानकारी दिए।

यसैगरी, गत आर्थिक वर्षमा १७ जना बालिका बेचबिखनमा र ४६ जना बालिका अपरहणमा परेका, देशभर छ हजार ५९० जना बालबालिका (बालिका ७२ प्रतिशत र बालक २८ प्रतिशत) हराएकामा नेपाल प्रहरी, बालबालिका खोजतलास केन्द्र र बाल हेल्पलाइन समेतको सहयोग र समन्वयमा खोजतलास गरी पाँच दशमलव ८३१ लाई फेला पारी पारिवारिक पुनर्मिलन गरिएको छ।

प्रवक्ता बुढाले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति तथा राष्ट्रिय कार्ययोजनाको मस्यौदा निर्माण गरी सङ्घ, प्रदेश र स्थानीय तहमा सरोकार भएका निकाय, नागरिक समाजका सङ्घ संस्था तथा पीडित÷प्रभावितहरूसँग छलफलका आधारमा परिमार्जन गरी अन्तिम रूप दिने प्रयास भएका जनाएका छन्।

समुदाय–प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत मन्त्रालयले ७५३ वटै स्थानीय तहमा करिब २४ हजार साझेदारी समितिहरू गठन भई महिला हिंसा, लागूऔषध, साइबर अपराध, विपद्लगायत सवारी दुर्घटना न्यूनीकरणका साथै जबर्जस्ती करणी, मानव बेचबिखन, आत्महत्या, बालविवाह, बहुविवाह, दाइजो प्रथाविरुद्ध जनसमुदायमा सचेतना अभिवृद्धि गरेको छ । यस्तै, विद्यालय सम्पर्क कार्यक्रम, सामाजिक अपराध न्यूनीकरण, समुदाय र प्रहरीबीच खेलकुद कार्यक्रम, आगलागी न्यूनीकरणलगायत कार्यक्रम रूपमा सञ्चालनमा रहेका मन्त्रालयले जनाएको छ।रासस

# भक्तपुरमा इन्द्रजात्रा शुरु

**भादगाउँ।**
परम्परागत इन्द्रजात्रा आजदेखि भक्तपुरमा सुरु भएको छ। यहाँका टोलटोलमा इन्द्रको मूर्तिस्वरुप सानो लिङ्गो ठड्याइएको छ । यसरी ठड्याइएको लिङ्गोलाई नेपाल भाषामा यम्वोःद्यो भनिन्छ। संस्कृतिकर्मी ओम धौभडेलका अनुसार देवराज इन्द्रकी आमा वसुन्धरालाई भाद्र शुक्ल चौथीका दिन व्रत बस्न पारिजातको फूलको आवश्यकता भएकाले छोरा जयन्तलाई उक्त फूल खोज्न पठाइयो । पारिजात खोज्ने क्रममा इन्द्रपुत्र जयन्तलाई दैत्यहरुले पारिजात फूल टिप्दै गरेको बेला पक्राउ गरे । जयन्तलाई छुटाउन देवता र दैत्यहरुबीच भएको युद्धमा देवताको जित भएको खुशियालीमा इन्द्रजात्रा मनाउन थालिएको आएको किंवन्दती छ । पूजाआजासहित आज भक्तपुरको इताछे, तेखापुखु, वंशगोपाल, नासमना, बुलुचा, साकोठा, भोलाछेँ, सुजम्हरी, खौमा, इताछेँलगायत टोलमा ‘यम्वो द्यो’ ठड्याइएको छ। यो जात्रा भक्तपुरमा आठ दिनसम्म मनाइन्छ।रासस

# बिर्तामोडमा गुणस्तर तथा नापतौलसम्बन्धी चेतनामूलक कार्यक्रम

**झापा।**
गुणस्तर तथा नापतौलसम्बन्धी चेतनामूलक कार्यक्रम बुधबार बिर्तामोडमा सम्पन्न भएको छ।

नेपाल गुणस्तर तथा नापतौल विभागको आयोजनामा भएको कार्यक्रममा नेपाल गुणस्तर चिह्न, अन्तरराष्ट्रिय गुणस्तर सङ्गठन(आईएसओ) प्रमाणपत्र तथा विभागअन्तर्गतका कार्यालयले प्रदान गर्ने सेवाबारे जानकारी दिइएको थियो।

विभागका निर्देशक पारसमणि यादवले नेपाल गुणस्तर चिह्न र आइएसओ प्रमाणपत्र तथा जिल्ला गुणस्तर तथा नापतौल कार्यालयका प्रमुख रजनिस झाले कार्यालयमार्फत प्रदान गरिने सेवाबारे जानकारी दिनुभएको थियो।

कार्यक्रमका सहभागी उद्योगी, व्यापारी, उपभोक्ता, स्थानीय तहका प्रतिनिधिले गुणस्तर चिह्न, आइएसओ प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया र विभागका सेवाबारे जिज्ञासा राखेका थिए।

त्यस अवसरमा नापतौल, ढकतराजु, उपभोक्ताको अधिकार र स्वदेशी उत्पादनको अन्तरराष्ट्रिय बजारमा बजारीकरणबारे पनि जानकारी दिइएको थियो।रासस

# सुकुम्वासीभन्दा अव्यवस्थित बसोबासी बढी

**बागलुङ।**
जिल्लामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासीभन्दा अव्यवस्थित बसोबासी १३ गुणा बढी रहेको पाइएको छ। भूमि समस्या समाधान आयोग बागलुङका अनुसार जिल्लामा प्राप्त निवेदन र मूल्याङ्कनका आधारमा ‘सफ्टवेयर’मा प्रविष्टि गरिएका तथ्याङ्कमा भूमिहीन दलित र भूमिहीन सुकुम्वासी परिवार ९७÷९७ रहेकामा अव्यवस्थित बसोबासी दुई हजार ५५४ परिवार रहेको पाइएको छ।

जिल्लाका १० पालिकामा सबैभन्दा बढी अव्यवस्थित बसोबासी ढोरपाटन नगरपालिकामा रहेको पाइएको छभने जैमिनी नगरपालिकाको तथ्याङ्क प्रविष्टि भइसकेको छैन। आयोगका विज्ञ सदस्य उमेश गौतमले अन्य पालिकाको तथ्याङ्क प्रविष्टिको काम अन्तिम चरणमा पुगेको र जैमिनीको अझै प्रक्रियामा रहेको बताए। उनका अनुसार जिल्लाको ताराखोला गाउँपालिकामा चारजना भूमिहीन दलित, १० भूमिहीन सुकुम्वासी र ३७ जना अव्यवस्थित बसोबासी गरी ५१ परिवारलाई निस्सा वितरण भइसकेको छ।

ढोरपाटनमा भूमिहीन दलित ३०, भूमिहीन सुकुम्वासी १९ र अव्यवस्थित बसोबासी एक हजार ६०० गरी एक हजार ६४९ परिवारको तथ्याङ्क प्रविष्ट गरिएको छ।

यस्तै, तमानखोला गाउँपालिकामा ५४४ अव्यवस्थित बसोबासी रहेका छन्भने भूमिहीन तथा सुकुम्वासी भने छैनन् । बागलुङ नगरपालिकामा २७ भूमिहीन दलित, ५५ भूमिहीन सुकुम्वासी र १६९ अव्यवस्थित बसोबासी गरी २५१ परिवारको तथ्याङ्क सङ्कलन गरिएको छ। यस्तै, गलकोट नगरपालिकामा १८ भूमिहीन दलित, नौ भूमिहीन सुकुम्वासी र ६३ अव्यवस्थित बसोबासी गरी ९० जनाको तथ्याङ्क सङ्कलन गरिएको हो।

यसैगरी बरेङ गाउँपालिकामा छ परिवार भूमिहीन दलित, दुई परिवार भूमिहीन सुकुम्वासी र ३७ जना अव्यवस्थित बसोबासी रहेका छन भने काठेखोला गाउँपालिकामा एक परिवार भूमिहीन दलित र नौ परिवार अव्यवस्थित बसोबासी रहेको पाइएको छ।

यस्तै बडिगाड गाउँपालिकामा ११ परिवार भूमिहीन दलित, दुई परिवार भूमिहीन सुकुम्वासी र ३३ परिवार अव्यवस्थित बसोबासी रहेको विज्ञ सदस्य गौतमले जानकारी दिए । तथ्याङ्क सङ्कलनको काम सकिएसँगै अब नापजाँचको काम सुरु गरिने उनले बताए।

‘सुकुम्वासीभन्दा अव्यवस्थित बसोबासी धेरै भएकाले समस्या भएको हो।

सुकुम्वासीको हकमा अन्यत्रसमेत जग्गा दिन सकिन्छ, तर अव्यवस्थित बसोबासीको भने बसेकै ठाउँ उपयुक्त भएमा लालपुर्जा दिनुपर्ने हुन्छ’, गौतमले भने, ‘प्रविष्टि गरेको तथ्याङ्कका आधारमा निस्सा वितरण भएपछि नाप जाँच हुन्छ। जग्गा छुट्टिन्छ, दिन मिल्ने स्थानबाट लालपुर्जा दिन सुरु गर्ने छौँ । अबको छ महिनामा लालपुर्जा दिने गरी काम भइरहेको छ।’रासस

# वसन्तपुर दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान



**काठमाडौँ।**
विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिअघि ईन्द्रजात्राको लिङ्गो उठाइएको अर्थात् इन्द्रध्वजोत्थान गरिएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले दिएको साइत अनुसार बिहिवार बिहान १०:३१ बजे कालभैरवको मूर्तिअघि इन्द्रध्वजोत्थान गरिएको गुठी संस्थान काठमाडौँ शाखा कार्यालयका प्रमुख लक्ष्मुणा शर्माले जानकारी दिए। यसअघि भदौ १५ गते ईन्द्रजात्राको लिङ्गो नगर प्रवेश गराइएको थियो। भाद्र शुक्ल अष्टमीका दिन भोटाहिटीबाट ईन्द्रजात्राको लिङ्गो वसन्तपुर दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिअघि लगी राख्नुलाई नगर प्रवेश गराउनु भनिन्छ। भाद्र शुक्ल द्वितीयाको राति भक्तपुरस्थित चित्तपोल सामुदायिक वनमा काटिएको सल्लाको रुख त्यसको भोलिपल्ट घिसार्दै भोटाहिटीमा ल्याई राखिएको थियो।

त्यही लिङ्गोलाई आज बाँस, डोरीलगायतको सहायताले उठाइएको अर्थात् ईन्द्रध्वजोत्थान गरिएको हो । ईन्द्रध्वज र पताकासहित तान्त्रिक विधिले ईन्द्रध्वजोत्थान गरिएको संस्थानका धार्मिक एवं सांस्कृतिक शाखा प्रमुख राजेन्द्र दाहालले बताए।

भाद्र शुक्ल द्वादशीका अवसरमा आज ईन्द्रध्वजोत्थान गरेपछि भाद्र शुक्ल चतुर्दशी अर्थात् अनन्त चतुर्दशीका दिन शनिबार राष्ट्रपति रामचन्द्र पौडेलसहित विशिष्ट व्यक्तित्वको उपस्थितिमा श्रीकुमारी, श्रीगणेश र श्रीभैरवको यात्रा गराइन्छ । यो दिन ईन्द्रजात्राको मुख्य दिन हो। यस अवसरमा काठमाडौँ उपत्यकामा सार्वजनिक बिदा दिने प्रचलनसमेत रही आएको छ।रासस

# नेपाल आमाको मूर्ति निर्माणमा बजेट अभाव



**कञ्चनपुर।**
कञ्चनपुरको भीमदत्त नगरपालिका–८ स्थित झम्केनी धाममा निर्माण भइरहेको नेपाल आमाको मूर्ति निर्माणका लागि बजेट अभाव भएको छ।

नेपालका साविकका ७५ वटै जिल्ला चिनाउने गरि ७५ फिट अग्लो नेपाल आमाको मूर्ति निर्माण कार्य बजेट अभावले प्रभावित बनेको छ । जगतगुरु मोहनशरण देवाचार्यको पहलमा झम्केनी धाम विकास समितिले निर्माण गरिरहेको मूर्तिका लागि बजेट अभाव भएको समितिले जनाएको छ।

धाम विकास समितिका अध्यक्ष पुरन खत्रीले बजेट अभावका कारण मूर्ति निर्माण कार्य अबरुद्ध भएको बताए। उनका अनुसार निर्माणाधिन मूर्तिको हालसम्म कमल आशन र खुट्टासम्मको भाग तयार गरिएको छ भने छातिसम्मको खाँचा तयारी गरिएको छ। त्यसका लागि आवश्वक धातु अभाव छ।

‘मूर्तिको निर्माणका लागि मैन र माटोको छातिसम्मको खाँचा तयार भइसकेको छ, त्यसका लागि आवश्यक धातु छैन’, अध्यक्ष खत्रीले भने, ‘धातु पलाग्न काठमाडौँबाट शिल्पकार मगाउनु पर्छ, हामीसँग थोरै मात्रै धातु भएकाले अहिले पगाल्दा खर्च बढी लाग्छ।’ खाँचाका लागि आवश्यक धातु नहुँदा गर्मीका कारण मैन पग्लने सम्भावना भएकाले २०–२५ लाख रुपैयाँ सम्म नोक्सानी व्यहोर्नुपर्ने अवस्था आएको उनको भनाइ छ।

विसं २०७४ बाट सुरु भएको मूर्ति निर्माण कार्य पाँच वर्षमा भित्रमा सक्ने लक्ष्य लिइएको भए पनि कोरोना संक्रमणले एक वर्ष थपेर २०८० सम्म सक्ने लक्ष्य लिइएको थियो । मूर्ति निर्माणका लागि भ्याली कन्स्ट्रक्सनसँग १० करोड ८१ लख रुपैयाँ मा ठेक्का सम्झौता भएको छ। मूर्ति निर्माणका लागि २५ देखि ३० टनसम्म अष्टधातु आवश्यक पर्ने अनुमान गरिए पनि कमल आशनमा मात्रै १० टन बढी धातु प्रयोग भएको र त्यसको मात्रामा थप बढ्ने देखिएको छ । मूर्ति निर्माणका लागि स्रोत जुटाउन जगतगुरु मोहनशरण देवाचार्य देश दौडाहामा निस्किएका छन । देवाचार्यले स्थानीय र प्रदेश सरकारबाट प्रतिबद्धता अनुरुप बजेट प्राप्त नभएको बताए । उनले सरकारबाट आवश्यक सहयोग प्राप्त नभएकाले स्वेदेशी तथा विदेशी दाताबाट सहयोग सङ्कलनका लागि पुनः देश दौडाहामा निस्किन लागेको बताए।

उनले यसअघि पनि मूर्ति निर्माणका लागि (२०७२ वैशाखदेखि २०७४ माघसम्म) नेपाललाई दाहिने पारेर परिक्रमा गरि २२ टनसम्म तामा, पित्तललगायतका धातु सङ्कलन गर्नुभएको थियो। ‘अब स्वेदेशी तथा विदेशी भक्तजनहरुसँग सहयोग माग्छु’, उनले भने, ‘पूर्व माननीय, मन्त्री ज्यू, स्थानीय सरकारबाट सहयोग आएको थियो, अहिले प्रदेश सरकारलाई तीन करोड रुपैयाँ बजेट माग गरेका थियौँ, प्रतिबद्धता गरे पनि बजेट आएन्।’

साथै उहाँले मूर्ति निर्माणका लागि दाताहरुसँग सहयोगका लागि अपिलसमेत गरेका छन। मूर्ति निर्माण कार्य राष्ट्रलाई जोड्ने अभियान भएको पनि उनले बताए । नेपाल आमाको मूर्ति हेर्न नेपालभरिका मान्छे आउने र यसले धार्मिक पर्यटनको विकास गर्ने उनको विश्वास छ।

मूर्ति निर्माणमा हालसम्म दुई करोड ७५ लाख रुपैयाँ बढी खर्च भइसकेको र एक करोड रुपैयाँ ठेकेदार कम्पनीलाई भुक्तानी दिन बाँकी रहेको धाम विकास समितिले जनाएको छ। झम्केनी धामलाई महाकाली तटको शारदापीठ पवित्र धार्मिकस्थलका रुपमा विकास गर्ने योजना रहेको जनाइएको छ।रासस

# नेपाल कला तथा संस्कृति महोत्सव आजदेखि

**काठमाडौँ।**
नेपाल कला तथा संस्कृति महोत्सव शुक्रबारदेखि बबरमहलस्थित नेपाल कला परिषद्को प्राङ्गणमा आयोजना हुँदैछ । राष्ट्रपति रामचन्द्र पौडेलले समुद्घाटन गर्नुहुने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएका छन् । नेपाल पर्यटन बोर्ड र परिषद्ले काठमाडौँ उपत्यकाका चारवटै महानगरपालिकासँगको सहकार्यमा आयोजना गर्ने महोत्सव आगामी असोज १० गतेसम्म जारी रहने छ।

परिषद्का अनुसार मुलुकको विशिष्ट सांस्कृतिक वैभव र धरोहरहरूलाई चित्रकलाका माध्यमबाट प्रस्तुत गरिएको महोत्सवमा नाम चलेका चित्रकारहरुका सृजना समावेश छन्। इन्द्रजात्राको अवसर पारेर आयोजना गरिएको महोत्सवमा काठमाडौँ उपत्यकाका सम्पदा, कला, संस्कृति झल्काउने सामग्री पनि समावेश गरिएका परिषद्ले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।रासस

# सालझण्डी–ढोरपाटन सडक तीन दिनपछि सञ्चालनमा आयो

**बागलुङ।**
पहिरोले अवरुद्ध बनेको राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी–ढोरपाटन सडक तीन दिनपछि सञ्चालनमा आएको छ । सडकमाथिबाट झरेको पहिरो दुई दिनको निरन्तर पहलमा पन्छयाएपछि आजदेखि सडक सञ्चालनमा आएको हो।

भारी वर्षाका कारण ढोरपाटन नगरपालिका–७ धाराबोटमा सोमबार साँझ झरेको पहिरोले सडक अवरुद्ध बनेको थियो । सडक अवरुद्ध भएपछि सिकार आरक्ष ढोरपाटन आवागमन गर्ने सयौँ आन्तरिक तथा बाह्य पर्यटकलाई सास्ती भएको थियो।

आजदेखि सडक सञ्चालनमा आएपछि पर्यटक गन्तव्यतर्फ लागेका ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले जानकारी दिए। उक्त खण्डमा ठूलो पहिरो गएकाले सडक खुलाउन तीन दिन लागेको उनले बताए । योबाहेक वैकल्पिक सडक नहुँदा स्थानीयलाई आवतजावतमा समस्या हुँदै आएको उनको भनाइ छ।

यसैबीच ढोरपाटन आउने पर्यटकलाई नगरपालिका र प्रहरीले मौसम र सडकको अवस्था बुझेर मात्रै यात्रा गर्न आग्रह गरेको छ । उपप्रमुख कायतले भने, ‘निरन्तर पानी परिरहेको र पहिरो पनि ठूलो भएकाले पन्छयाउन समय लागेको हो । अहिले सामान्य पहिरो पन्छयाएर सवारीसाधान आवतजावत गर्नेगरी सडक सञ्चालनमा ल्याएका हौँ। सबै पहिरो हटाउनका लागि समय लाग्ने देखिन्छ। अहिले पर्यटक र स्थानीयलाई समस्या नहोस् भन्ने उद्देश्यले सवारीसाधन सञ्चालनमा ल्याएका छौँ।’रासस

# खाजामा छेपारो परेपछि ६० बालबालिका अस्पताल भर्ना



**मधेशदृष्टि**
**महोत्तरी ।**
दिवा खाजामा छेपारो परेपछि महोत्तरीको एक विद्यालयका ६० बालबालिका अस्पताल भर्ना भएका छन् । पिपरा गाउँपालिका–६ रतौलीस्थित आदर्श माध्यमिक विद्यालयका बालबालिकाको दिवा खाजामा छेपारो परेको हो । विद्यालय व्यवस्थापन समिति अध्यक्ष ओमप्रकाश महतोका अनुसार बिहीबार दिउँसो एक बालकको प्लेटमा दिइएको खाजामा छेपारो परेको थियो । ती बालकले छेपारो देखेपछि कसैलाई नभनी खाजा फालेर घर फर्केर अभिभावकलाई सुनाएका थिए । त्यसपछि अभिभावकले खाजामा छेपारो परेको भनेपछि केही बालबालिकाले वाकवाकी लागेको बताएका थिए । अभिभावक र विद्यालयले तत्कालै खाजा खाएका ६० बालबालिकालाई निगरानीका लागि प्रादेशिक अस्पताल जनकपुर ल्याएका छन् । व्यवस्थापन समिति अध्यक्ष महतोका अनुसार कसैलाई त्यस्तो समस्या छैन । तर, पनि कुनै घटना नहोस् भनेर बालबालिकालाई अस्पताल ल्याइएको बताए । यता, प्रादेशिक अस्पताल जनकपुरका आकस्मिक कक्ष इन्चार्ज शरद यादवले बालबालिकामा त्यस्तो कुनै समस्या नदेखिएको बताए । अभिभावकहरू चिन्तित भएर अस्पतालको निगरानीमा राखेको उनको भनाइ छ ।

# ‘सत्ता पक्षलाई लाभ पुऱ्याउने गरि जनमत अध्यक्ष राउतले मोर्चा छाडे’




**मधेशदृष्टि**
**सप्तरी ।**
राष्टिय« मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीसित एकता गर्ने उद्देश्यका साथ अहिले कार्यगत एकता शुरु गरिएको बताएका छन् । बिहीबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि उनले यस्तो बताएका हुन् । ‘छुटिएर काम गर्दा कमजोर हुने भएका कारण अब एकिकृत भएर शसक्त ढंगले अघि बढ्न कार्यगत एकता गरिएको हो,’ नेता महतोले भने, ‘यसबाट मात्र आफूहरुले थालेको मुक्तिका आन्दोलन निष्कर्षमा पु¥याउन सम्भव छ ।’ उनले निकट भविष्यमै जसपासँग एकता हुने जानकारी पनि दिए ।

मधेशी, आदिवासी, जनजाती, दलित लगायत सम्पूर्ण उत्पीडित वर्गको अधिकार र पहिचान स्थापनाका लागि एकिकृत भएर आन्दोलनमा उत्रनुको विकल्प नरहेको बताउँदै उनले संघिय लोकतान्त्रिक मोर्चा पनि यही उद्देश्य प्राप्तिका लागि गठन भएको स्पष्ट पारे ।

शाषक वर्गले मधेशी लगायत उत्पीडित वर्गलाई अधिकार दिन नचाहेको आरोपका साथ उनले अधिकारबाट बञ्चित गर्नकै लागि नक्कली संघीयता लागु गरिएको टिप्पणी गरे । ‘अधिकार बिनाको संघियताको कुनै अर्थ हुँदैन,’ उनले भने, ‘अहिले यस्तै अवस्था छ ।’ जनमत पार्टी मोर्चाबाट अलगिएको विषयमा राखिएको जिज्ञासाको जवाफ दिँदै उनले अलग हुनु भन्दा पनी जनमत पार्टी मोर्चाबाट भागेको बताए । शाषक वर्गलाई नै मजबुत तुल्याउने षडयन्त्र र कसैको इशारामा लागेर जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले रुपन्देही ३ मा हुने उपनिर्वाचन छुट्टै उम्मेदवारी दिन लागेको स्पष्ट पारे । यद्दपी डा. राउत कसको इसारामा चलेको हो भन्ने सन्दर्भमा राखिएको जिज्ञासाको जवाफमा उनले केही समय पर्खन तथा समय आएपछी सबै करा आफै खुल्ने बताए । मोर्चाको संयुक्त उम्मेदवारलाई कमजोर तुल्याई सत्ताधारी दलका उम्मेदवारलाई लाभ पु¥याउने उद्धेश्यले जनमत अध्यक्ष डा. राउतले रुपन्देही ३ मा उम्मेदवार खडा गर्न खोजेको दाबीका साथ उनले मोर्चाका संयुक्त उम्मेदवारको मत काट्नैका लागि जनमत पार्टीले छुट्टै उम्मेदवारी दिन लागेको जिकिर गरे । ‘मधेशी अनुहारले मात्र मधेशको हिमायती हुँदैन,’ उनले भने, ‘डा. राउतको गतिविधीले पनि यस्तै आशंका उब्जाएको छ, बाँकी कुरा आगामी दिनहरुमा प्रष्ट हुँदै जाने छ ।’ पत्रकार सम्मेलनमा पार्टीका महासचिव केशव झा, सन्तोष मेहता, सहमहासचिव गजेन्द्र कुमार मण्डल, जिल्ला अध्यक्ष दिपेन्द्र चौधरी लगायतको पनि उपस्थिति रहेको थियो ।

# टिकटकर साह रिहा



**मधेशदृष्टि**
**वीरगंज ।**
खानेपानी मन्त्री प्रदीप यादवलाई फोनमा धम्की दिएको आरोपमा पक्राउ परेकी टिकटकर किरण साहलाई पर्सा जिल्ला अदालतले धरौटीमा छाड्न आदेश दिएको छ ।

न्यायाधीश कमलकान्त जोशीको इजलाशले कलैया उपमहानगरपालिका–२६, सिस्वा महेशपुर स्थायी घर भएर वीरगंज–१३ मुर्लीमा बसोबास गर्ने साहलाई ५ हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको पर्सा जिल्ला अदालतका सूचना अधिकारी रामनरेश महतोले जानकारी दिए ।

मन्त्री यादवका स्वकीय सचिव हरिन्द्र साहको जाहेरी दरखास्तको आधारमा टिकटकर समेत रहेकी साहलाई शनिबार नियन्त्रणमा लिएर अनुसन्धान थालिएको थियो । जिल्ला प्रहरी कार्यालय पर्साले विद्युतीय कारोबारसम्बन्धी कसुरलगायतको मुद्दाको फाइल सरकारी वकिल कार्यालयमा बुझाएपछि बिहीबार पर्सा जिल्ला अदालतमा थुनछेक बहस भएको थियो ।

पक्राउ परेकी किरणका तर्फबाट अधिवक्ताहरु विनोद कुमार मल्लिक, राकेश मल्लिक र अजय स्वर्णकारले बहस गरेका थिए । किरणसँगै रौतहटका पत्रकार अभिमन्नु पटेल भनिने अभिमन्यु राउतमाथि पनि सरकारी वकिलको कार्यालयले अदालमा अभियोग पत्र दर्ता गरेको थियो ।




# राजश्री जनक विश्वविद्यालयको भवन निर्माण शुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो प्रतीक्षापछि राजश्री जनक विश्वविद्यालयको केन्द्रीय कार्यालय भवन निर्माण कार्य औपचारिक रूपमा प्रारम्भ भएको छ । गुठी संस्थानसँग भएको सम्झौताअनुसार नगराइन नगरपालिका–८ मनियारीमा जग्गा नापजाँच र छुट्याउने काम शुरु गरिएको हो । भवन निर्माण प्रारम्भसँगै विश्वविद्यालय स्थापनाको माग गर्दै आएका स्थानीयवासी उत्साहित बनेका छन् । कार्यक्रममा सहभागी भएका स्थानीयले अब विश्वविद्यालय कागजमा नभई व्यवहारमै देखिन थालेको भन्दै खुसी व्यक्त गरे ।

नेपाली कांग्रेसका युवा नेता प्रवेश चौधरीको संयोजनमा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका सांसद तथा पूर्वमन्त्री रामसरोज यादव, विश्वविद्यालय प्रशासन प्रमुख सन्तोष अर्याल, नगराइन नगरपालिकाका मेयर बिनय कुमार यादव, वडाध्यक्षहरू तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति थियो । सांसद यादवले कतिपयले विश्वविद्यालय राजधानीमै हुनुपर्ने तर्क गरेको सुनेको बताए । तर, उनका अनुसार मधेश प्रदेशको राजधानीको चारकिल्ला बमोजिम मनियारी क्षेत्र राजधानीकै केन्द्रमा पर्ने भएकाले अनावश्यक विवादलाई निरुत्साहित गर्दै सहकार्यमा जोड दिनुपर्ने बेला आएको छ । उनले भने, ‘शिक्षा जस्तो संवेदनशील क्षेत्रमा राजनीति गर्नु अनुचित हुन्छ । यो सम्पूर्ण प्रदेशको गौरवको विषय हो, त्यसैले सबै दल र समुदायले हातेमालो गरेर विश्वविद्यालय निर्माणलाई सफल बनाउनु पर्छ ।’ कार्यक्रममा मेयर बिनय कुमार यादवले नगराइनवासीको तर्फबाट विश्वविद्यालयलाई आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाए । विश्वविद्यालयका प्रशासन प्रमुख अर्यालले पनि भवन निर्माण कार्यलाई द्रुतगतिमा अघि बढाउने जानकारी दिए । राजश्री जनक विश्वविद्यालयको भवन निर्माणले प्रदेशमा उच्च शिक्षाको पहुँचलाई सहज बनाउन र शैक्षिक पूर्वाधारलाई मजबुत बनाउन ठूलो योगदान पु–याउने विश्वास सहभागीहरूले व्यक्त गरे ।

# बर्दिवासमा क्षयरोगको सङ्क्रमण चर्कियो



**मधेशदृष्टि**
**महोत्तरी ।**
क्षयरोगमुक्त नेपाल बनाउने सरकारी लक्ष्यलाई चुनौती दिने गरी बर्दिवास नगरपालिका क्षयरोगको चपेटामा परेको छ । नगरपालिकाको सबै वडामा क्षयरोगी भेटिएका छन् भने वडा नं. ८ हात्तीलेट क्षेत्रमा सबैभन्दा बढी बिरामी देखिएका छन् । नगर स्वास्थ्य शाखाका तथ्याङ्कअनुसार ०८१ साउनदेखि ०८२ साउनसम्मको एक वर्षमा बर्दिवासका १४ वटै वडामा गरी १४५ जना क्षयरोगी पहिचान भएका छन् । तीमध्ये हात्तीलेट क्षेत्रमा मात्रै हालसम्म २२ जना संक्रमित फेला परेपछि स्वास्थ्यकर्मीहरूले यसलाई गम्भीर चेतावनी संकेतका रूपमा लिएका छन् । यसैबीच, वडा नं. ७ र ११ मा क्षयरोगका कारण तीन जनाको ज्यान गइसकेको छ । हात्तीलेट स्वास्थ्य चौकीमा बागमती सेवा समाजको आयोजना र महोत्तरी क्षयरोग टिमको सहयोगमा विशेष स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । तीन दिनसम्म चलेको शिविरमा अत्याधुनिक प्रविधिबाट १२३ जनाको सामूहिक स्वास्थ्य परीक्षण गरिएको नगर स्वास्थ्य शाखाका अधिकृत रामबाबु यादवले जानकारी दिए । उनका अनुसार परीक्षण गरिएकामध्ये २२ प्रतिशत अर्थात् २८ जनामा क्षयरोगको शङ्का देखिएको छ । ‘शङ्कास्पद २८ मध्ये १४ जनाको अवस्था थप गम्भीर छ,’ यादवले भने । शिविरले सार्वजनिक गरेको प्रतिवेदनअनुसार शङ्कास्पद २८ क्षयरोगीमध्ये २४ जना दलित र जनजाति समुदायका रहेका छन् ।

वडाध्यक्ष शमशेर सिंह लामाले हात्तीलेट क्षेत्रको अवस्था चिन्ताजनक रहेको बताए । उनका अनुसार वडामा करिब १४ सय परिवार बसोबास गर्छन् जसमा दलित र जनजातिको संख्या उल्लेख्य छ । ‘स्वास्थ्य चेतना न्यून छ, जीवनशैली अस्वस्थकर छ, घरेलु मदिराको जथाभावी सेवन प्रमुख कारण हुन सक्छ,’ वडाध्यक्ष लामाले भने । उनले अपर्याप्त र अस्वस्थ भोजन गरिब वर्गको नियति बनेको भन्दै क्षयरोग, कालाजारलगायत रोगहरू नियन्त्रण चुनौतीपूर्ण भएको बताए । सङ्कास्पद सबै बिरामीको खकार परीक्षणका लागि प्राथमिक स्वास्थ्य केन्द्र गौशला पठाइएको छ । नगर प्रमुख प्रह्लाद क्षेत्रीले सामुदायिक तहमा यस्ता शिविरले समयमै रोग पत्ता लगाउन र उपचार शुरु गर्न सहज हुने भएकाले क्षयरोग नियन्त्रणमा महत्वपूर्ण योगदान पुग्ने बताए । नेपाल सरकारले सन् २०५० भित्र क्षयरोगमुक्त राष्ट्र बनाउने लक्ष्य लिएको थियो । तर, बर्दिवासजस्ता क्षेत्रमा देखिएको तथ्याङ्कले उक्त अभियानको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

# झुठा विवरण देखाएर नागरिकता लिएको अभियोगमा उजुरी

**मधेशदृष्टि**
**बारा ।**
भारत बिहारका एक व्यक्तिले झुठा विवरण देखाएर नेपाली नागरिकता लिएको आरोप सार्वजनिक भएको छ । रौतहटको दुर्गा भगवती गाउँपालिका–१ मा सुनचाँदीको पसल सञ्चालन गर्दै आएका दिलिप कुमार स्वार्नकारविरुद्ध बारा जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको हो । उजुरीपत्रका अनुसार भारत सीतामढी जिल्लाको बैरगनिया–८ अशोगी निवासी स्वार्नकारले २०७४ सालमा बारा जिल्लाको तत्कालीन काचोर्वा गाविस–६ (हाल सिम्रौनगढ नगरपालिका–९) वतन देखाएर नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका छन् । उनले पाएको नागरिकता प्रमाणपत्र नं. ३३–०६–७४–००७९५ रहेको उल्लेख छ । तर, भारतीय निर्वाचन आयोगले जारी गरेको एम वाइ एफ ३२७२५०७ नम्बरको मतदाता परिचयपत्रमा उनी भारतकै नागरिक रहेको तथ्य देखिएको छ । सो परिचयपत्रमा दिलिप कुमारका पिता प्रदीप साह उल्लेख गरिएको पाइएको छ । कलैया उपमहानगरपालिका–१ निवासी प्रितम सराफले जिल्ला प्रशासन कार्यालय बारामा दिएको उजुरीमा स्वार्नकारको नागरिकता बदर गरी कानुनी कारबाही गर्न माग गरिएको छ । सराफले प्रमुख जिल्ला अधिकारीले कार्यवाहीमा ढिलासुस्ती गरिरहेको आरोपसमेत लगाएका छन् । ‘एउटै व्यक्तिलाई दुई देशको नागरिकता लिन नपाइने कानुनी व्यवस्था हुँदाहुँदै पनि स्वार्नकारले झुठा विवरणमार्फत नेपाली नागरिकता लिएको पुष्टि भएको छ,’ उजुरीमा उल्लेख छ । यसैबीच, बाराका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले उजुरी दर्ता भएको र छानबिनको प्रक्रिया शुरु भएको जानकारी दिएका छन् ।

उनका अनुसार भारतीय निकायसँग आधिकारिक विवरण माग गरी पत्राचार गरिएको छ । ‘भारततर्फबाट जवाफ आएपछि थप कारबाही अघि बढाइनेछ,’ पौडेलले भने ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन